का.जि.प्र.का.द.नं. १००/०५९/६०
१५ जेठ २०८२,
बिहीबार
29 May, 2025
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु



## आलमले पाए सफाइ



जिउँदै मान्छे जलाएको आरोपमा दोषी ठहर भएर जन्मकैद सजाय खेपिरहेका पूर्व सांसद एवं कांग्रेस नेता अफताब आलमलाई उच्च अदालत वीरगञ्ज इजलासले सफाइ दिएको छ । सफाइसँगै आलम जेलमुक्त भएका छन्

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १४ जेठ

जिउँदै मान्छे जलाएको आरोपमा जन्मकैद सजाय खेपिरहेका नेपाली कांग्रेसका पूर्व सांसद अफताब आलमले सफाइ पाएका छन् ।

इँट्टा भट्टामा हालेर मान्छेलाई जिउँदै जलाएको कसूरमा ६ वर्षदेखि उनी जेलमा थिए । पूर्वसांसद आलमलाई उच्च अदालत अस्थायी इजलास वीरगन्जले बुधबार सफाइ दिएको हो । उच्च अदालत वीरगन्जका न्यायाधीशद्वय डा. खुसीप्रसाद थारू र अर्जुन महर्जनको संयुक्त इजलासले आलमलाई सफाइ दिएको हो ।

२७ चैत २०६४ मा रौतहटको राजपुरमा भएको बम बिस्फोटमा घाइते भएका २३ जना व्याक्तिलाई जिउँदै इँट्टा भट्टामा हालेर हत्या गरेको कसूरमा आलम दोषी ठहर भएका थिए । रौतहट जिल्ला अदालतले १३ वैशाख २०८१ मा आलम सहित ४ जनालाई दोषी ठहर गर्दै आलम सँगै उनका भाइ ममताब आलम, शेख सेराज र बद्री सहनीलाई पनि जन्मकैदको सजाय सुनाएको थियो ।

तर बुधबार उच्च अदालत अस्थायी इजलास वीरगन्जले रौतहट जिल्ला अदालतको फैसला उल्ट्याइदिएको छ । आलमका मुख्य कानुन व्यवसायी सरोजकृष्ण घिमिरेले आलमविरुद्ध अदालतले यथेष्ट प्रमाण नदेखेपछि रौतहट जिल्ला अदालतको फैसला उल्टाएको बताए । 'बम विष्फोट गराएको वस्तुनिष्ठ प्रमाण नदेखिएको

»» पृष्ठ २ मा

### 'पुष्टि भएन प्रमाणबाट'

आलमलाई सफाइ दिँदा उच्च अदालत जनकपुरले बम विस्फोट भएको प्रमाणबाट पुष्टि हुन नसकेको निष्कर्ष निकालेको छ । सफाइ दिँदा इजलासले आलमको घरमा २७ चैत २०६४ मा बम विस्फोट भएको प्रमाणबाट पुष्टि हुन नसकेको ठहर गरेको रजिस्ट्रार दीपक भण्डारीले जानकारी दिए ।

यस्तै घाइते भएका भनिएका पिन्टु भनिने त्रिलोकप्रसाद सिंह र ओशी अस्करलाई ट्र्याक्टरमा हाली इँट्टाभट्टामा जलाइएको पनि प्रमाणबाट पुष्टि गर्न वादी पक्षले नसकेको इजलासको ठहर छ ।

»» पृष्ठ २ मा

## आरोपबाट पन्छिए गृहमन्त्री



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १४ जेठ ।

भिजिट भिषा घुस प्रकरणमा आफ्नो संलग्नता नरहेको गृहमन्त्री रमेश लेखकले प्रष्टोक्ति दिएका छन् । विपक्षी दलहरुले गृहमन्त्रीको राजीनामा र भिजिट भिषा प्रकरणमा छानबीनको माग राखेर संसद् बैठक अवरोध गर्दै आएका छन् ।

संसद् अवरोधका कारण गृहमन्त्री लेखकले मंगलबार पत्रकार सम्मेलन गरेर आफ्नो कुरा राखेका थिए । उनले आफूमाथि गलत आरोप लगाएर अन्यायमा पारिएको बताए ।

अध्यागमन कार्यालयका कर्मचारीमाथि भइरहेको अनुसन्धानमा आफूलाई जोड्नु अन्याय भएको गृहमन्त्री लेखकको भनाइ थियो ।

गृहमन्त्री लेखकले आफूविरुद्ध राजनीतिक रूपमा षड्यन्त्र भएको भन्दै भिजिट भिसा प्रकरणमा अख्तियारको छानबिनमा परेका त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयका निर्देशक तीर्थ भट्टराईलाई गृह मन्त्रालयमा आफूले नल्याएको र विगत ५ वर्षदेखि उनी गृह अन्तर्गत नै रहेको दाबी गरे ।

आफूमाथि अन्याय भएको भन्दै लेखकले पत्रकार सम्मेलनमार्फत न्यायसमेत मागेका छन् । 'न्याय त मैले पनि पाउनुपर्ने होला नि ! कि म न्याय नपाउनुपर्ने नागरिक हो यो देशको ? मेराविरुद्ध कुनै उजुरी छ ? मेराविरुद्ध कहीँ नेर छानबिन भइरहेको छ ? तर मैले न्याय त माग्न पाउन पर्ला नि !,' उनले भने ।

विभिन्न समयमा सञ्चार माध्यमहरूमा समाचार आएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटसमेत अभियोजन भएको अवस्थामासमेत तत्कालीन नेतृत्वबाट पद त्याग नगरेको अवस्थामा आफूलाई नियोजित ढंगले सामाजिक सञ्जालमार्फत् लगाइएको आरोपमा राजीनामा दिनुपर्ने कारण नरहेको लेखकले बताए ।

**बादलदेखि रवीसम्मका प्रिय भट्टराई**

भिजिट भिसा प्रकरणमा अख्तियारको छानबिनमा परेका त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयका निर्देशक तीर्थ भट्टराईलाई २०७७ सालमा तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलको पालामा गृह मन्त्रालयबाट गोरखा र त्यसपछि महोत्तरीको प्रमुख जिल्ला अधिकारी बनाइएको थियो ।

त्सपछि उनलाई २०७८ सालमा बालकृष्ण खाँण गृहमन्त्री भएका बेला गृह मन्त्रालय अन्तर्गत पन्जिकरण विभागको महानिर्देशक बनाइएको र सोही वर्ष मोरङको प्रमुख जिल्ला अधिकारी बनाइएको थियो ।

२०७९ सालमा प्रचण्डले गृहमन्त्रीको समेत कार्यभार सम्हालेको बेला गृहमा ल्याइएको र नारायणकाजी

»» पृष्ठ २ मा

## आज बजेट



## स्रोत सुनिश्चितता कम हुँदासमेत बजेटको आकार ठूलै

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं १४ जेठ ।

सरकारले बिहीबार आगामी आर्थिक वर्ष २०८२/८३ का लागि बजेट घोषणा गर्दैछ । उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राष्ट्रियसभा र प्रतिनिधिसभाको संयुक्त बैठकमा आर्थिक वर्ष २०८२/०८३ को बजेट सार्वजनिक गर्दैछन् ।

अर्थमन्त्री पौडेलले आगामी आर्थिक वर्षको राजस्व र व्ययको वार्षिक अनुमानित बजेट बिहीबार अपराह्न ३ बजे प्रस्तुत गर्ने संघीय संसद्को सचिवालयले जनाएको छ । बजेट अघि अर्थमन्त्री पौडेलले दिउँसो १:३० मा २०८२/०८३ आर्थिक सर्वेक्षण सार्वजनिक गर्ने कार्यक्रम छ ।

संसद् अवरुद्ध भएकै कारण मंगलबार नै ल्याउन लागेको आर्थिक सर्वेक्षण समेत रोकिएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमनमा भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको समेत संलग्नताको भएको भन्दै विपक्षी दलका सांसदहरूले सदन अवरोधको कारण बजेट अघि ल्याउनु पर्ने आर्थिक सर्वेक्षण रोकिएको हो ।

सरकारले आगामी आर्थिक वर्षको लागि राष्ट्रिय योजना आयोगले दिएको सिलिङ भन्दा १ खर्ब नै बढाएर बजेटको ड्राफ्ट अर्थ मन्त्रालयले

»» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कतारमा डेढ वर्षमा १७० जना नेपालीको मृत्यु

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १४ जेठ ।

कतारमा पछिल्लो करिब डेढ वर्षको अवधिमा १७० जना नेपाली कामदारको ज्यान गएको छ । १७ महिनाको अवधिमा १७० जनाको ज्यान जाँदा मासिक १७ कामदारको मृत्यु भएको देखिन्छ ।

यसरी ज्यान गुमाउनेमा अधिकांश साँझ राम्रोसँग खानपिन गरेर सुतेका कामदार छन् । त्यसरी ज्यान गुमाउनेलाई सुतेकै अवस्थामा मृत्यु हुनेहरू भनिने गरिएको छ ।

कतारमा सुतेकै अवस्थामा मात्र ८७ जनाले मृत्युवरण गरेका छन् भने सडक दुर्घटनामा २६ जना र ३४ जनाले आत्महत्या गरेर ज्यान गुमाएको कतारस्थित नेपाली राजदूतावासका एक अधिकारीले मध्यान्ह दैनिकलाई जानकारी दिए । ती अधिकारीका अनुसार ३ जना नेपाली कामदारको मदिरा सेवनबाट मृत्यु भएको छ भने अन्य कारणले २० जनाको निधन भएको छ । मृत्यु हुनेमा आधिकांश पुरुष रहेको दूतावासले जनाएको छ ।

कतारमा धेरैले 'कार्डिएक एरेस्ट'का कारण ज्यान गुमाएको पाइन्छ । एक तथ्यांकअनुसार दिनभर बाहिरको गर्मीमा काम गरेर आउने र कोठामा आउनासाथ एयर कन्डिसनर खोलेर कोठा अत्यधिक चिसो बनाएर सुत्ने गरेका कारण धेरै नेपाली कार्डिएक एरेस्टको सिकार हुने गरेको पाइएको छ । त्यसैगरी मादक पदार्थ एकैपटक धेरै मात्रामा पिउने, असन्तुलित खानपान तथा दैनिकी एवं मानसिक तनाबलगायतका कारण पनि मृत्यु हुने गरेको एक अध्ययनले देखाएको छ ।

त्यस्तै ट्राफिक नियमको पालना गर्न खासै चासो नदिने नेपाली आनीबानीले पनि धेरै नेपालीहरूले सडक दुर्घटनामा परी ज्यान गुमाउनु परेको एनआरएनए एनसीसी कतारका श्रमिक विभागका संयोजक कृष्ण पन्थीले बताउँछन् । कार्यस्थलमा हुने दुर्घटनामा परेर मृत्यु हुनेहरूको संख्या पनि निकै उच्च हुने गरेको आफूले पाएको बताउँदै पन्थीले छिट्टै कतार सरकारका

»» पृष्ठ २ मा

## एमाले-राजावादी आमनेसामने



"गणतन्त्र दिवसलाई आमजनताले सम्झनेगरी मनाउन र राजावादीहरूले फैलाएका भ्रम चिर्न जनप्रदर्शनको तयारी गरिएको हो"

**शंकर पोखरेल**
महासचिव, एमाले



"राजसंस्था र हिन्दू राष्ट्र पुनर्स्थापना तथा संघीयता खारेजी नभएसम्म सडक खाली गर्दैनौं"

**मोहन श्रेष्ठ**
प्रवक्ता, राप्रपा

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १४ जेठ ।

सत्ता पक्षीय नेकपा एमाले र राजावादीहरूले बिहीबार गणतन्त्र दिवसको सन्दर्भमा छुट्टाछुट्टै जनप्रर्दशन गर्दैछन् । देशभर उत्सव मनाउने निर्णय गरेको एमालेले काठमाडौंमा विशेष प्रदर्शन गर्न लागेको हो ।

बिहीबार नै राजावादीहरूले पनि राजसंस्था पुनर्स्थापनाका लागि प्रर्दशन गर्दैछन् । एमालेले त्यही प्रदर्शनलाई काउन्टर गर्न जनप्रर्दशन गर्न लागेको हो । एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले ११ जेठमा गणतन्त्र दिवसको दिन काठमाडौंका सडक एमालेले कब्जा गर्ने बताएका थिए । त्यसैदिन ओलीले राजावादीसँग आमनेसामने हुने आशय व्यक्त गरेका थिए । राजावादीहरूले त्यस दिनलाई शक्ति प्रर्दशनकै रूपमा लिएका कारणले एमालेले काउन्टर गर्न खोजेको देखिन्छ । राजावादीहरूको आन्दोलनलाई काउन्टर

»» पृष्ठ २ मा

### टुँडिखेलमा विशेष समारोह

१८ औं गणतन्त्र दिवस बिहीबार विभिन्न कार्यक्रमको आयोजना गरी मनाइँदैछ ।

गणतन्त्र दिवस मूल समारोह समितिद्वारा सैनिक मञ्च टुँडिखेलमा बिहीबार बिहान आयोजना हुने विशेष समारोहमा राष्ट्रपति रामचन्द्र पौडेललगायत विशिष्ट महानुभाव सहभागी हुँदैछन् ।

कार्यक्रममा गणतन्त्रको महत्त्व झल्कने विभिन्न झाँकी प्रदर्शनी गरिने छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल स्काउटलगायतबाट मार्चपास हुनेछ। गणतन्त्र दिवस-२०८२ अङ्कित ब्यानर प्रदर्शन र पुष्पवृष्टि गर्ने कार्यक्रम छ । तत्कालीन सात राजनीतिक दलले निरङ्कुश राजतन्त्रकाविरूद्ध

»» पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
A leading foreign recruitment agency is seeking the following position urgently.
PRO - 5 (M/F)
Documentation Officer - 5 (M/F)
Qualification: More than 5 years of Experience in Manpower Field.
Hotline : 9823486681 | 9819779867
Send your CV at : hr@mobhiraservices.com
Mobhira Recruitment Consultancy Services Pvt. Ltd. | Chakrapath, Kathmandu Tel: 01-4378842, 4378936

Urgently Wanted
Join Our Team at a reputed Foreign Recruitment Office in Nepal.
SALARY Negotiable
Documentation - 3 Male/Female
Skills Needed:
- Basic Photoshop, MS Word & Excel
- DOFE System Familiarity
- Typing in Nepali & English
Priority given to those with experience in Manpower Fields.
Interested candidates can email at jkoverseasoffice@gmail.com
Call Us at : 01- 4548016, 9851055504

URGENT VACANCY
We are seeking talented and motivated individuals to join our team for various position at kathmandu.
PRO : 4 (Male/Female)
Salary Negotiable
Requirements:
- Minimum 2/3 Years of Experienced in Manpower fields.
- Minimum +2 Passed.
Please send your CV: goldenint111@gmail.com
Golden Achievers International Pvt. Ltd.
Basundhara Chauki, Kathmandu Contact.: 01-5914478,01-5919381.
Mobile No: 9851243231, 9823531278, 9749461095.
Gov Lic No: 1533/078/079

मध्यान्ह
www.madhyanhadaily.com
१५ जेठ २०८२ बिहीबार
29 May 2025, Thursday

# गणतन्त्रलाई नागरिकको जीवनसँग जोड्नेगरी काम गर्नुपर्छ : राष्ट्रपति



**काठमाडौं/मस-** राष्ट्रपति रामचन्द्र पौडेलले गणतन्त्रलाई नागरिकको जीवनसँग जोड्न राजनीतिक उपलब्धिहरू मात्र पर्याप्त नहुने भन्दै राजनीतिक उपलब्धिलाई नागरिकको जीवनसँग जोड्नका लागि हाम्रो शासकीय चरित्रलाई बदल्नुपर्ने बताएका छन् ।

गणतन्त्र दिवस, २०८२ को अवसरमा शुभकामना दिँदै राष्ट्रपति पौडेलले शासकीय चरित्र, राजनीति, पार्टी र नेताको चरित्रलाई बदल्नुपर्ने पनि बताएका हुन् । सन्देशमा उनले भनेका छन्, 'हाम्रो शासकीय चरित्रलाई बदल्नुपर्ने हुन्छ । हामीले राजनीति, पार्टी र नेताको चरित्रलाई बदल्नुपर्ने हुन्छ । गणतन्त्रको उत्कृष्टताको सार्थकता प्राप्त गर्न हाम्रो राजनीति, हाम्रो शासकीय शैली, राजनीतिक दल र जनप्रतिनिधिमूलक संस्थाहरूलाई पूर्ण लोकतान्त्रिक, निष्पक्ष, प्रतिस्पर्धात्मक, न्यायपूर्ण र प्रभावकारी बनाउन ढिलो गर्न हुन्न भन्ने म ठान्दछु ।'

अहिले गणतन्त्रको सबैभन्दा ठूलो शत्रु अरू कोही नभइ ढिलासुस्ती, अनियमितता र बेथिति भएको तथ्य जगजाहेर भएको पनि राष्ट्रपति पौडेलको शुभकामना सन्देशमा उल्लेख गरेका छन् । उनले भनेका छन्, 'यिनै बेथितिले लोकतान्त्रिक गणतन्त्रको सुन्दर सपना बोकेका नागरिकलाई निराश नबनाओस् भन्ने हाम्रो चिन्ता हुनुपर्दछ । जबसम्म हाम्रा प्रत्येक नागरिकको जीवनमा आशाको दियो बल्नेछैन, त्यो बेलासम्म हामीले रगत र पसिनासँग साटेको संघीय लोकतान्त्रिक गणतन्त्रको लक्ष्य पूरा हुँदैन ।'

राष्ट्रपति पौडेलले आज नागरिकले सुशासनसहितको समृद्धि, रोजगारी, न्यायोचित वितरण र सामाजिक न्यायको प्रबन्ध खोजेको भन्दै आर्थिक विकास बिना यी केही पनि सम्भव नभएको स्पष्ट पारेका छन् । उनले सन्देशमा भनेका छन्, 'त्यसैले हाम्रा स्रोतहरूको उच्चतम प्रयोग गर्न आवश्यक छ । अनिमात्र हामी हाम्रो कृषि, पर्यटन, ऊर्जालगायत औद्योगिक र सेवा क्षेत्रलाई बलियो बनाउन सक्छौं । अनिमात्र आर्थिक विकास र समृद्धि प्राप्त हुन्छ । अनिमात्र गणतन्त्रलाई हामी नागरिकको जीवनसँग जोड्न सक्छौं । अनिमात्र नयाँ आशाहरू निर्माण हुन सक्छन् । अनिमात्र हाम्रो गणतन्त्र सफल, सबल र परिणाममुखी हुँदै जान्छ । यो नै आजका लागि हाम्रो ऐतिहासिक अभिभारा हो ।'

उनले गणतन्त्र केवल एक राजनीति व्यवस्था मात्र नभएर यो आचरणशील राजनीतिक, आर्थिक र सामाजिक जीवन पद्धति पनि भएको उल्लेख गर्दै यसका आफ्नै मूल्यमान्यता र नैतिक दायराहरूलाई भुलेर इतिहासको अभिभारा पूरा गर्न नसकिने बताएका छन् । राष्ट्रपति पौडेलले भनेका छन्, 'यस अर्थमा आजको दिनले हामीलाई आफ्नो ऐतिहासिक दायित्व सम्झाएको छ । म आशा गर्छु हामी यो दायित्व बिर्सने छैनौं । म आशा गर्छु, गणतन्त्रको मर्यादा बचाउन र यसलाई अझ समृद्ध बनाउन हामी सबै एकताबद्ध भएर लाग्नेछौं । गणतन्त्र केवल एक व्यवस्था हैन । यो त आचरणशील राजनीतिक, आर्थिक र सामाजिक जीवन पद्धति पनि हो । यसका आफ्नै मूल्यमान्यता र नैतिक दायराहरू हुन्छन् । त्यसलाई बिर्सिएर हामीले इतिहासको अभिभारा पूरा गर्न सक्दैनौं । आजको दिनले हामीलाई सामाजिक न्याय, विकास र समृद्धिसहित संघीय लोकतान्त्रिक गणतन्त्रको उच्चतम् र सार्थक अभ्यासमा अगाडि बढ्ने थप प्रेरणा दिनेछ ।'

राष्ट्रपति पौडेलले लोकतान्त्रिक गणतन्त्र संसारकै एक उत्कृष्ट राजनीतिक व्यवस्था भएको भन्दै यसलाई नेपालमा संघीयता, समावेशिता, सामाजिक न्याय र लोकतान्त्रिक मूल्यसहितको समाजवादको सारगर्वित मान्यताहरूले सिञ्चित गरेर थप सर्वोत्कृष्ट बनाएको उल्लेख गरेका छन् । उनले संघीय लोकतान्त्रिक गणतन्त्रले हामीलाई सम्पूर्ण राजनीतिक अधिकार सुनिश्चित गरेको भन्दै यसले देशवासीलाई जोडेको छ र एक साझा राष्ट्र बनाउने संकल्पका साथ आफ्नो जाति, भाषा, धर्म, सम्प्रदाय, सभ्यता र भूमिको स्वामित्व दिएको बताएका छन् ।

# आममाफी पाएर छुटेका सुजनले गरे पूर्वश्रीमती र २ बालिकाको हत्या



**बुटवल/मस-** रुपन्देहीको बुटवलमा एकै परिवारका ३ जनाको हत्या भएको छ । बुटवलको होराइजन चोकस्थित मिलिजुली पथमा एक आमासहित दुई बच्चाको विभत्स हत्या भएको हो ।

बुटवलको होराइजनचोकस्थित मिलिजुली पथमा ३४ वर्षीया दीपा बस्याल र उनका ४ र ७ वर्षीया दुई छोरीहरूको हत्या भएको हो । सम्बन्धविच्छेदपछि अर्केसँग विवाह गरेर गएकी दीपालाई उनका पूर्व श्रीमान सुजन कोइरालाले आफ्नै घरमा बोलाएर बुधवार बिहान ४ बजेतिर हत्या गरेको प्रहरीले बताएको छ ।

कोइराला आफ्नै दाजुको हत्या गरी जेल बसेर केही वर्षअघि संविधान दिवसको दिन आममाफी पाएर छुटेका व्यक्ति हुन् । दाइको हत्या गरेकै साल २०६९ मा कोइरालाले दीपा बस्यालसँग विवाह गरेका थिए । उनीसँग विवाह गरेको केही समयमै दाइको हत्या अभियोगमा जेल गए ।

बिहे गरेलगत्तै जेल गएपछि दीपा र सुजनको वैवाहिक सम्बन्ध पनि बिग्रिएको थियो । प्रहरीका अनुसार उनीहरूले २०७२ मा सम्बन्धबिच्छेद गरे । त्यसपछि दीपाले दोस्रो विवाह गरिन् । दोस्रो श्रीमान् पक्षबाट दीपाले दुई छोरीलाई जन्म दिएकी थिइन् ।

## आलमले...

भन्ने निष्कर्षमा पुगेर नै उच्च अदालतले रौतहट जिल्ला अदालतको फैसला उल्टाएको हो', उनले भने ।

उच्च अदालत वीरगन्जमा आलमको तर्फबाट घिमिरे सहित अभिवक्ताहरू सुधीर कर्ण, सञ्जीव मल्लिक, रामेश्वर न्यौपाने र साविर हुसेनले बहस गरेका थिए । पीडितका पक्षबाट सरकारी वकिल र पुष्पराज पौडेलले बहस गरेका थिए ।

घटनामा आलमका भाइ मोहम्मद महताब आलम र शेख सेराजसहित ११ जनाविरुद्ध १८ चैत २०७६ मा रौतहट जिल्ला अदालतमा मुद्दा दर्ता भएको थियो । त्यही मुद्दामा आलम २६ असोज २०७६ मा रौतहटबाटै पक्राउ परेका थिए ।

त्यसबेला थुनछेक बहसपछि २९ कात्तिक २०७६मा रौतहट जिल्ला अदालतले आलमलाई पुर्पक्षका लागि रौतहटको गौर कारागार चलान गरेको थियो । गौर कारगारमा रहँदा आफू असुरक्षित भएको भनेर आलमले गुनासो गरेपछि त्यहाँबाट उनलाई काठमाडौंको नख्खु कारागारमा स्थानान्तरण गरिएको थियो । त्यसयता उनी नख्खु कारागारमै रहेका थिए ।

## प्रमाणबाट...

उक्त दिन बम बनाउने क्रममा मोहम्मद आफताव आलमका काका शेख इन्द्रिशको घरमा विस्फोट भएको थियो । विस्फोटमा पिन्टु भनिने त्रिलोकप्रताप सिंह र ओशी अख्तर घाइते भएका थिए । घाइतेहरूलाई जिउँदै इँटाभट्टामा जलाएर हत्या गरेको आभियोग आलममाथि थियो ।

चुनाव जित्ने प्रयोजनका लागि आलमले नै बनाउन लगाएको बम विस्फोटमा परेर घाइते भएकाहरूलाई घटना सार्वजनिक हुने त्रासमा 'जिउँदै इँटाभट्टामा जलाएर हत्या गरिएको' आरोप उनीमाथि लागेको थियो । तर, प्रहरीको घटनास्थलमा मुचुल्कामा भने कुनै किसिमको विस्फोट नभएको भनेर उल्लेख थियो ।

घटनास्थल मुचुल्का सहितका आधारमा जिल्ला प्रहरी कार्यालय रौतहट, जिल्ला सरकारी वकिल कार्यालय रौटहट र पुनरावेदन सरकारी वकिल कार्यालयले मुद्दा नचल्ने राय दिएका थिए । प्रत्यक्षदर्शीहरूका अनुसार त्यसक्रममा केही घाइतेहरू आफूलाई बचाउन आग्रह गर्दै चिच्याएका थिए । घटना सार्वजनिक हुने डरले आलमले सहयोगीहरूसँग मिलेर नजिकको इँटाभट्टामा हाली जलाएको प्रत्यक्षदर्शीको बयान थियो ।

३० असार २०६५ मा तत्कालीन महान्यायाधिवक्ता यज्ञमूर्ति बञ्जाडेले पनि मुद्दा नचल्ने निर्णय गरेका थिए । महान्यायाधिवक्ताको निर्णयमा मारिएका भनिएका व्यक्तिको मृत्यु नै पुष्टि हुन नसकेको भन्दै कर्तव्यबाट मृत्यु पुष्टि हुने आधार नदेखिएको भनिएको थियो ।

जिउँदै इँट्टाभट्टामा जलाइएका भनिएका ओसी अख्तरकी आमा रुक्सनाको ८ माघ २०६७ मा गोली हानी हत्या गरिएको बताएकी थिइन् । तर घटनामा भने अनुसन्धान समेत भएको छैन । तर, नारायणसिंह राउतको किटानी जाहेरी, घटनास्थल प्रकृति मुचुल्का तथा शेख सराजुल मियाँ र ओहिद मियाँको बयान कागजसहित मानवअधिकार आयोग लगायतका निकायहरूको अनुसन्धान प्रतिवेदनका आधारमा विस्फोटका घाइतेहरूलाई घटना सार्वजनिक हुने डरले इँटाभट्टामा जलाइएको प्रतिवेदन तयार भएको थियो ।

सर्वोच्चका तत्कालीन न्यायाधीशद्वय सुशीला कार्की र डा. भरतबहादुर कार्कीको इजलासले महान्यायाधिवक्ताले स्वेच्छाचारी निर्णय गर्न नहुने आदेश गरेको थियो । यसैबीच अदालतले सफाइ दिएपछि आलम जेलबाट बुधबार नै छुटेका छन् । ललितपुरस्थित नख्खु कारागारमा रहेका आलमलाई बुधबार साँझ रिहा गरिएको हो ।

## आरोपबाट...

श्रेष्ठ गृहमन्त्री हुन्जेल उनी सोही विभागका रहेको बताए त्यसपछि रवि लामिछाने गृहमन्त्री भएका बेला भट्टराईलाई ४ साउन २०८० मा हेटौंडास्थित मुख्यमन्त्री कार्यालयबाट गृहमा ल्याइएको थियो । उनलाई लामिछाने गृहमन्त्री हुँदै गृहको महत्त्वपूर्ण जिम्मेवारी दिई खटाइएको गृह मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

वर्तमान गृहमन्त्री लेखकले आफू गृहमन्त्री भएर आउँदा उनी कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको महानिर्देशक थिए ।

## स्रोत...

तयार गरेको छ । आयोगले १९ खर्ब ६५ करोड रुपैयाँको बजेट सिलिङ दिएको थियो ।

बजेटमा आर्थिक भार बढीको बृद्ध भत्ता दिने उमेर र कर्मचारीको तलबसमेत बढ्ने तयारी छ । राजस्वमा चाप बढेकोले आर्थिक विधेयकमार्फत् भन्सार सेवा दस्तुर, अन्तशुल्क, पूर्वाधार विकास करमा हेरफेर गरिदैंछ । तर कृषिमा आधारित उद्योग, व्यवसाय र रोजगारी दिने उद्योगमा कर छुटलाई विषेश प्राथमिकता दिने गरी बजेटको अन्तिम रूप तयार गरिएको बताइएको छ । यस्तै बजेटमा स्टार्टअप क्षेत्रलाई प्रोत्साहन, आईटी, पर्यटन र विदेशी लगानीकर्तालाई आकर्षण गर्ने नीतिका कार्यक्रम र चालु खर्च सकेसम्म घटाउने गरी बजेट आउने मन्त्रालयको भनाइ छ।

सिलिङमा आन्तरिक राजस्वबाट १२ खर्ब ६३ अर्ब १० करोड रुपैयाँ मात्रै प्राप्त अनुमान गरेको थियो । सिलिङलाई आधारमा मान्दा ६ खर्ब भन्दा बढी स्रोतको अपुग हुन्छ । स्रोतको अपुगलाई आन्तरिक तथा बाह्य ऋण र अनुदानमार्फत् पूर्ति गर्ने आयोगले अनुमान गरेको थियो । तर, अर्थमन्त्री पौडेलले ल्याउन लागेको बजेटमा राजस्व बढाउने उपायसहित बजेटको आकार बढाउने चुनौती छ । यस्तै सरकारको सार्वजनिक ऋणको सावा ब्याज भुक्तानीमै बजेट बिनियोजनमा चाप छ । थप आन्तरिक तथा बाह्य ऋण लिनसमेत अप्ठ्यारो अवस्था छ । यस्तै अनुदानमा अमेरिकी सहयोगको रकम घट्ने हुँदा बजेटको स्रोतमै चाप बढेको छ ।

अर्थविज्ञ डा. रघुवीर विष्टले आकार वढाएर बजेट ल्याउनु भन्दा कार्यान्यवन गर्ने बजेट आउनु पर्ने बताउँछन् । 'नेपालमा बजेटमा आश्वासन दिनका लागि पपुलर बजेटको कार्यक्रम ल्याउँदा आकार बढ्छ तर मध्यावधि समीक्षामार्फत घटाउने विकृति छ', उनले भने, 'बजेट बनाउँदा जिम्मेवार नहुँदा बजेट कार्यान्यवन नै समस्या आउने गरेको छ ।'

तर बजेटमा ३ करोडको भन्दा कमको आयोजना नदेखिएकाले बजेटको आकार बढेको अर्थमन्त्रालय स्रोतको भनाइ छ । बजेटमा जति आयोजनामा विनियोजन गरिएको रकम घटाउँदासमेत आकार नघटेपछि करिब २० खर्ब भन्दा माथि नजाने गरी बजेटलाई अन्तिम रूप दिने तयारीमा अर्थमन्त्री छन् । दुई तिहाईको गठबन्धनको सरकार भएकाले समेत दुबै पार्टीमा मन्त्रालयगत आयोजनामा बजेट दिनुपर्ने बाध्यताको आकार बजेट सिलिङ भन्दामाथि पुग्ने अनुमान गरिएको छ । सरकारले चालु आवका लागि १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँ बराबर बजेट ल्याएको थियो । तर, बजेटको अर्धवार्षिक समीक्षा मार्फत १६ खर्ब ९२ अर्ब ९३ करोड ३५ लाख रुपैयाँमात्र खर्च हुने अनुमान गरिएको छ ।

यस्तै राष्ट्रिय आयोजना बैंक (प्रोजेक्ट बैंक) मा यसवर्ष ९७ अर्बभन्दा बढी लागतका एक सय १७ आयोजना समावेश गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले राष्ट्रिय आयोजना बैंकमा परेका आयोजनालाई मात्रै वार्षिक बजेट छुट्याउनुपर्ने व्यवस्था गरेको छ । आगामी आर्थिक वर्षको बजेट आउनुअघि यो संख्यामा नयाँ आयोजना प्रविष्ट गरिएको राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा शिवराज अधिकारी बताउँछन् ।

१३ जेठसम्म राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा १ हजार ३ सय २७ आयोजना समावेश भएका छन् । जसमध्ये ३ करोड लागतका १ हजार १४१, ३ करोडदेखि ५ करोड लागतका ७९, ५ करोड देखि १० करोड लागतका ४४ र १० करोडदेखि १ अर्ब रुपैयाँसम्मका २३ वटा आयोजना छन् ।

## कतारमा...

विभिन्न निकायसँगको सहकार्यमा बृहत् श्रमिक जनचेतना, मानसिक तनाव व्यवस्थापन साथै ट्राफिक नियम र कतारका स्थानीय कानुनसम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रस्ताव गरेको जानकारी दिए ।

कतार रोजगारीका लागि निकै आकर्षक मानिन्छ । हाल रोजगारी तथा व्यवसाय गर्ने करिब साढे ३ लाख नेपाली कतारमा रहेका छन् । तथ्यांकअनुसार दैनिक औसत २ जनाभन्दा बढी नेपाली कामदारको शव विदेशबाट नेपाल भित्रिरहेको छ ।

## एमाले-राजावादी...

गर्न प्रधानमन्त्री ओलीले १५ जेठमै जनप्रदर्शन गर्ने निर्णय पार्टी सचिवालयबाट गराएका हुन् । एमालेले प्रदर्शनलाई सफल बनाउन नेताहरूको जिम्मेवारी पनि बाँडफाँट गरेर सर्कुलर गरेको छ ।

एमाले महासचिव शंकर पोखरेलले जनसंगठनका अध्यक्ष, इन्चार्ज र काठमाडौं उपत्यकाका तीनवटै जिल्लाका वडा तहसम्मका पदाधिकारीहरूलाई जिम्मेवारी बाँडफाँट गरेका हुन् । एमालेले काठमाडौंको जनप्रदर्शनका लागि वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र स्थायी कमिटी सदस्य कृष्णगोपाल श्रेष्ठलाई जिम्मा दिएको छ ।

उनीहरूको कमाण्डमा कार्यकर्ताहरू परिचालन हुनेछन् । साथै, जनसंगठनहरूको संयोजन गर्नका लागि सचिव गोकर्ण विष्टलाई जिम्मेवारी दिइएको छ ।

महासचिव शंकर पोखरेलका अनुसार गणतन्त्र दिवसलाई आमजनताले सम्झने गरी मनाउन र राजावादीहरूले फैलाएका भ्रम चिर्न जनप्रदर्शनको तयारी गरिएको हो ।

### मुठभेडको सम्भावना

सत्ता सञ्चालन गरिरहेको दल आफैं सडकमा उत्रन लाग्नुलाई राजनीतिक वृत्तमा अनौठो रूपमा हेरिएको छ । दुवै पक्षको आमसभा र प्रदर्शनले राजधानीको राजनीतिक तापक्रम चर्काउने संकेत देखिएको छ ।

ओलीले सडक कब्जा गर्ने उत्तेजक भाषण गरेका कारण बिहीबार एमाले र राजावादी आमनेसामने हुने सम्भावना बढेको छ । त्यसले गर्दा प्रदर्शन हिंसात्मक हुने सम्भावना पनि छ । त्यसैले प्रधानमन्त्रीको उक्त भनाइको आलोचना पनि भइरहेको छ ।

सरकारका रहेको प्रमुख दलमात्र होइन, प्रधानमन्त्रीको पार्टीले नै सडक कब्जा गर्ने र अर्को पक्षको प्रदर्शनकारीसँग भिड्न प्रेरित गर्नु गलत भएको टिप्पणी भइरहेको छ । ओली प्रधानमन्त्री मात्र होइनन्, सत्तारूढ दलका अध्यक्ष पनि हुन् । तर उनको भनाइ र आह्वान प्रधानमन्त्री पदको मर्यादाभन्दा पार्टी प्रमुखको भूमिकामा सीमित देखिएको छ ।

### राजावादीहरूको तयारी

राजावादीहरू संविधानले दिएको शान्तिपूर्ण प्रदर्शनको अधिकारअनुसार नै आन्दोलनमा उत्रिदै छन् । राजतन्त्र र हिन्दू अधिराज्य पुनर्स्थापनण सहितका माग उनीहरूको छ ।

राजसंस्था पुनर्स्थापनाका लागि बनेको संयुक्त जनआन्दोलन समितिको संयोजन र राप्रपाको अगुवाइमा आन्दोलन सुरु हुन लागेको हो । राजसंस्था समर्थक सबै दल र घटकहरूको आन्दोलनमा सहभागीता रहने छ ।

संविधानले सबै नागरिकलाई शान्तिपूर्ण रूपमा सभा, जुलुस र प्रदर्शन गर्ने अधिकार दिएको छ । यदि कोही नागरिक वा समूहले हिंसात्मक बाटो अपनाउँछ भने त्यसको नियन्त्रण गर्ने जिम्मेवारी गृह प्रशासन र सुरक्षा निकायको हो । यद्यपि राजावादीहरूले आन्दोलन शान्तिपूर्ण हुने बताइरहेका छन् ।

राजावादीहरूले छातालाई त 'ब्रान्डिङ'को प्रयास गरेका छन् । उनीहरूले आन्दोलनको प्रचारका क्रममा छाताको समेत प्रचार गरिरहेका हुन् । राप्रपाका प्रवक्ता सगुन सुन्दर लावती पछिल्लो समय आन्दोलनलाई जोडेर छाताको प्रचार हुँदा राजावादीको आन्दोलनमा छातासमेत 'ब्रान्डिङ' हुन पुगेको बताउँछन् ।

आयोजक आन्दोलन परिचालन समितिले समेत 'छाता लिएर काठमाडौं जाऔं' भन्ने नाराका साथ पोस्टर सार्वजनिक गरेको छ । नागरिक सर्वोच्चता कायम गर्दै प्रजातन्त्र र मानवअधिकारको संरक्षण र राजसंस्था पुनर्स्थापनाका लागि मौसमका हिसाबले उचित नभए पनि आन्दोलन गर्नुपरेको राप्रपाका प्रवक्ता मोहन श्रेष्ठले बताए ।

आन्दोलनका लागि २५ हजारभन्दा बढी मानिसहरू उपत्यका भित्रिइसकेको दाबी राजावादी नेताहरूको छ ।

राजसंस्था र हिन्दू राष्ट्र पुनर्स्थापना तथा संघीयता खारेजीको माग पुरा नभएसम्म सडक खाली नगर्ने राजावादी नेताहरू बताउँछन् ।

आन्दोलन शान्तिपूर्ण हुने र मुठभेडको अवस्था आउन नदिन आफूहरूले प्रर्याप्त सतर्कता अपनाउने श्रेष्ठले बताए । आन्दोलनमा १ हजार जना स्वयम् सेवक परिचालन गरिने पनि उनको भनाइ छ । 'हाम्रो तर्फबाट कुनै पनि अशान्तिपूर्ण क्रियाकलाप हुन दिँदैन । कसैले पनि आत्तिनु र उत्तेजनामा आउनु पर्दैन', उनले भने ।

### ३ हजार सुरक्षाकर्मी परिचालित

२०६५ सालयता वर्षेनि मनाइँदै आएको गणतन्त्र दिवसअन्तर्गत यस वर्षको कार्यक्रम सुरक्षा दृष्टिले उच्च सतर्कतायुक्त हुने भएको छ ।

एमालेले गणतन्त्र उत्सव र राप्रपासहितका राजावादी समूहले 'जनआन्दोलन' कार्यक्रमको घोषणा गरेका कारण सुरक्षा रणनीति त्यहीअनुसार बनाइएको छ ।

टुँडिखेलस्थित सैनिक मञ्चमा आयोजना गरिने औपचारिक कार्यक्रममा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीसहित संवैधानिक अंगका प्रमुख एवं विशिष्ट सरकारी व्यक्तिको उपस्थितिलाई सहज बनाउन बिहानै सुरक्षाकर्मी खटिने छन् । यी सबैखाले कार्यक्रमलाई लक्षित गर्दै प्रहरीले उपत्यकाभरका ३ हजार जनशक्ति परिचालन गरिने केन्द्रीय प्रहरी प्रवक्ता एसएसपी रमेश थापाले बताए ।

तर, विशिष्ट व्यक्तिको आवतजावतलाई मध्यनजर गर्दै हालसम्म टुँडिखेलस्थित सैनिक मञ्चमा आयोजना गरिने गणतन्त्र दिवस समारोह र संसदमा बजेट भाषण प्रस्तुत गरिने नयाँ बानेश्वरस्थित संसद भवन (अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र) को सुरक्षा व्यवस्थापनलाई प्राथमिकता दिइएको छ ।

यद्यपि, विभिन्न राजनीतिक दलले आयोजना गर्ने कार्यक्रमका निम्ति पनि प्रहरीको उत्तिकै सतर्क रहेको उनले बताए ।

'कुनै पनि अराजकतापूर्ण गतिविधि सह्य हुँदैन', थापाले भने, 'त्यसका निम्ति सम्पूर्ण स्रोत र साधनसहित हामी स्ट्याण्डबाई छौं ।'

### छुट्टाछुट्टै समय र स्थान

जिल्ला प्रशासन कार्यालय काठमाडौंले बिहीबारको प्रदर्शनका दुबै आयोजकलाई छुट्टाछुट्टै समय उपलब्ध गराएको छ । दिउँसो २ बजेसम्म कार्यक्रम आयोजना गर्न एमालेलाई तथा त्यसपछि राजावादीहरूलाई प्रदर्शनका लागि समय दिइएको छ ।

दुवैले भृकुटीमण्डप, सहिदगेट, रत्नपार्कलाई मध्यनजर गरेर कार्यक्रम आयोजना गर्ने छन् ।

प्रशासनले समय निर्धारणका लागि एमाले र राप्रपाका नेताहरूसँग पनि छलफल गरेको थियो ।

## टुँडिखेलमा...

आह्वान गरेको शान्तिपूर्ण जनआन्दोलन र विद्रोही नेकपा (माओवादी) ले गरेको सशस्त्र सङ्घर्षका उपलब्धिका रूपमा मुलुकमा गणतन्त्र घोषणा गरिएको हो । १५ जेठ २०६५ मा जननिर्वाचित संविधानसभाको पहिलो बैठकद्वारा २४० वर्षदेखिको निरंकुश राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा गरिएको थियो । उक्त ऐतिहासिक दिनको सम्झनालाई चिरस्थायी बनाउन गणतन्त्र दिवस मनाउने गरिएको छ ।


**भगवानपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भगवानपुर, सिराहा**
**मधेश प्रदेश, नेपाल**

## ठेक्का स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२/०२/१५**

मिति २०८१/०१/१० गतेको दिन कार्यालयबाट र मिति २०८१/०१/१० गतेको दिन मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना यस कार्यालयमा उल्लेखित ठेक्काको लागि दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र प्राविधिक प्रस्तावमा उतीर्ण भै सारभूत रुपमा प्रभावग्रही भई स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम बोलपत्र स्वीकृतको लागी आशयको सूचना जारी गरिएकोले सो ठेक्का सम्बन्धि असन्तुष्ट भए सूचना जारी भएको मितिले ७ सात दिन भित्र पेश गर्नु हुन सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

ठेक्का नं.- BRM/NCB/WORK/04/2081/082

योजनाको नामः- construction of 2 storey 4 Room (RCC Frame Structure) School Building Construction of Shree Laxmi Narayan Kaushlya Janta Madhyamik bidhalaya Nahara, Siraha

| प्रस्ताव स्वीकृतका लागि छनोट भएका बोलपत्रदाता | |
|---|---|
| १ | **Chakra Construction Lahan Municipality-4, Siraha** |

**ठेक्का नं.- BRM/NCB/WORK/05/2081/082**

**योजनाको नामः- Gairsaha Chaurima Deep Boring Jadan**

| प्रस्ताव स्वीकृतका लागि छनोट भएका बोलपत्रदाता | |
|---|---|
| १ | **Elisha Deep Boring and Drilling Sewa,** Siraha, Madhesh Pradesh Nepal |

वोधार्थः

| | |
|---|---|
| १ | Shivsakti Construction, Arnama rural municipality ward no:5 |
| २ | Diyalo Drilling Pvt.Ltd., Kirtpur-10, Kathmandu |

**प्रमुख प्रशासकीय अधिकृत**

# न्युजिल्याण्डका उपप्रधानमन्त्री उच्चस्तरीय भेटघाटमा



**काठमाडौं /मस–** न्युजिल्याण्डका उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री विन्स्टन पिटर्सले बुधबार राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री केपी ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँग छुट्टाछुट्टै भेटवार्ता गरेका छन् ।

बुधबार नै काठमाडौं आएका उपप्रधानमन्त्री पिटर्सले राष्ट्रपति पौडेललाई भेट्न राष्ट्रपति भवन शीतल निवास पुगेका थिए ।

त्यस अवसरमा राष्ट्रपति पौडेलले नेपाल सन् २०३० सम्ममा मध्यम आए भएको मलुक बन्नेतर्फ अग्रसर भएकाले यो लक्ष्य हासिल गर्न व्यापार, लगानी र विकास सहकार्यका लागि आग्रह गरे ।

नेपाल र न्युजिल्याण्ड विभिन्न अन्तर ार्ष्ट्रिय विषयहरूमा साझा धारणासहित बहुपक्षीय मञ्चहरूमा सहकार्य गर्दै आएको स्मरण गर्दै राष्ट्रपति पौडेलले स्तरोन्नति तर्फको यात्रालाई दीगो बनाउन व्यापार, लगानी र विकास सहकार्यका सन्दर्भमा न्युजिल्याण्डबाट हामी सहयोगको अपेक्षा गरेको बताए ।

राष्ट्रपति पौडेलले जलवायु परिवर्तनको संकटबाट दुवै देश मारमा परेको बताउँदै हिमालय क्षेत्रको जनजीवन बचाउनका लागि मिलेर काम गर्न आग्रह गरे ।

कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै दुवै देशबीच मैत्रिपूर्ण द्विपक्षीय सम्बन्ध कायम रहँदै आएको र हाम्रो सम्बन्ध गाढा बनाउन सर एडमन्ड हिलारी र तेन्जिङ नोर्गेले सगरमाथाको पहिलो पटक किर्तिमानी आरोहणले महत्वपूर्ण योगदान दिएको विदितै छ भन्दै उनले उक्त आरोहणको ७० औं वार्षिकोत्सवमा दुवै देशले 'सगरमाथा-७०' मनाएकोमा खुशी प्रकट गरे ।

प्रत्युतरमा न्युजिल्याण्डका उपप्रधानमन्त्रीले संयुक्त राष्ट्रसंघको शान्ति स्थापना कार्यमा नेपालले पुऱ्याएको योगदानको प्रशंसा गर्दै अन्तर्राष्ट्रिय सम्बन्धमा साना देशहरूको भूमिका पनि महत्वपूर्ण हुनेमा आफूहरू विश्वस्त रहेको बताए ।

नेपाल न्युजिल्याण्डका जनताको लागि रमणीय देश भएकाले यहाँको भ्रमण गर्न पाउँदा खुशी लागेको उल्लेख गर्दै उनले नेपाली विद्यार्थीहरूको लागि छात्रवृत्ति वृद्धि गरेर नेपालसँग शिक्षा र विकासको सम्बन्ध सुदृढ गर्न आफूहरुले चाहेको जानकारी दिए ।

यस्तै प्रधानमन्त्री केपी शर्मा ओलीसँग न्यूजिल्याण्डका उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री पिटर्सले शिष्टाचार भेट गरेका छन् ।

प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटका अवसरमा दुईपक्षीय हित, आपसी सम्बन्ध र सहकार्यलाई अभिवृद्धि गर्ने विषयमा छलफल भएको थियो । उनीहरूबीच कृषि, पर्यटन, शिक्षा, व्यापार र लगानीका क्षेत्रमा सहकार्यमा प्रशस्त सम्भावना रहेकामा समान मत रहेको थियो ।

प्रधानमन्त्री ओलीले वर्तमान सरकारले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षाका साथ स्थिरता, विकास, सुशासन, सामाजिक न्याय र सामाजिक रुपान्तरणलाई प्राथमिकता दिएको अवगत गराए ।

उपप्रधानमन्त्री पिटर्सले नेपालको विकास र समृद्धिका लागि भएका प्रयासको प्रशंसा गर्दै अन्तर्राष्ट्रिय मञ्चमा साना मुलुकहरूको साझा हितका विषयमा सहकार्य गर्न जोड दिए ।

यसैगरी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँग पनि न्युजिल्याण्डका उपप्रधानमन्त्री पिटर्सले भेट गरेका छन् ।

माओवादी केन्द्रको संसदीय दल कार्यालय, सिंहदरबारमा उनीहरूबस्च भेटवार्ता भएको हो ।

न्युजिल्यान्डका उपप्रधान पिटर्स नेपालको २ दिने औपचारिक भ्रमणका लागि बुधबार काठमाडौं आएका हुन् । श्रीलंकाको भ्रमण सकेर पिटर्स मैत्रीपूर्ण औपचारिक भ्रमणका लागि नेपाल आएका हुन् । न्युजिल्यान्डबाट उच्चस्तरको यो पहिलो राजनीतिक भ्रमण हो । बिहीबार बिहान उपप्रधान तथा विदेश मन्त्री पिटर्स लुक्ला जाने र फर्केपछि काठमाडौंका विश्व सम्पदा स्थलको अवलोकन भ्रमण गर्ने कार्यक्रम छ । पिटर्स बिहीबार साँझ दिल्लीका लागि उड्ने छन् ।

# गृहमन्त्री लेखकले अहिले नै राजीनामा दिनु न्यायोचित हुँदैन : महामन्त्री थापा



**काठमाडौं /मस–** भिजिट भिसा प्रकरणमा मुछिएपछि गृहमन्त्री रमेश लेखकले राजीनामा दिनुपर्ने भन्दै विपक्षी दलहरूले माग गरिरहेका बेला नेपाली कांग्रेसका महामन्त्री गगन थापा भने उनको बचाउ गरेका छन् ।

नेपाली कांग्रेस धरान उपमहानगर सम्मेलनमा बुधबार बोल्दै महामन्त्री थापाले अहिलेकै अवस्थामा गृहमन्त्री लेखकको राजीनामा माग्नु न्यायोचित नहुने जिकिर गरे । 'अनुसन्धानको दायरामा नपरेका प्रशासनिक वा राजनीतिक नेतृत्वलाई जिम्मेवार ठहऱ्याउने विषय न त कानुनी हिसाबले उपयुक्त हुन्छ न त न्यायोचित नै हुन्छ', थापाले भने ।

तर, प्रमाण भेटिए र अनुसन्धानको दायरामा आएपछि भने गृहमन्त्रीले राजीनामा दिनुपर्ने उनको भनाइ छ । उनले भने, 'रमेश लेखकले विगतमा प्राप्त जिम्मेवारीहरू जसरी इमानदारिता र कुशलतापूर्वक निर्वाह गर्दै आउनु भएको छ, गृहमन्त्रीको जिम्मेवारी पनि त्यसरी नै निर्वाह गरिरहनुभएको छ र अहिले उहाँमाथि उठेका प्रश्नहरूमा पनि वेदाग हुनुहुन्छ भन्ने हाम्रो पूर्ण विश्वास हो । तर हामीलाई थाहा छ कानुनी राज्यमा कसैको विश्वास वा आग्रहभन्दा माथि तथ्य र प्रमाण हुन्छ ।'

उनले अहिले भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यो प्रकरणको अनुसन्धान गरिरहेको र गृहमन्त्री यसको दायरामा नआएकाले राजीनमा दिनुनपर्ने बताए ।

'अनुसन्धानका क्रममा नयाँ तथ्य र प्रमाणहरू प्राप्त भए भने अनुसन्धानको दायरमा अन्य जिम्मेवार प्रशासनिक वा राजनीतिक अधिकारीहरू थपिँदै जान्छन्,' उनले भने, 'त्यस्तो अवस्था नआउँदा वा नहुँदासम्म अनुसन्धानको दायरमा नपरेका प्रशासनिक वा राजनीतिक नेतृत्वलाई जिम्मेवार ठहऱ्याउने विषय न त कानुनी हिसाबले उपयुक्त हुन्छ न त न्यायोचित नै हुन्छ । हामीले भन्दै आएको कुरा यही नै हो र यो भिजिट भिसा प्रकरणका सन्दर्भमा पनि कुरा यही नै हो ।'

मन्त्री लेखक अनुसन्धानको दायरमा आएको अवस्थामा विगतमा आफूहरूले लिएको अडान भिजिट प्रकरणमा पनि उस्तै हुने उनको भनाइ छ । महामन्त्री थापाले भिजिट भिसाको नाममा हुने गरेको ठगी धन्दा र यसको सञ्जाल सधैंका लागि बन्द गर्न कानुनी र प्रशासनिक सुधारमा जोड दिए ।

# कोशीका ४ पालिकामा लैंगिक हिंसाविरुद्ध नमुना परियोजना

**झापा /मस–** कोशी प्रदेशका ४ पालिकामा परीक्षणको रूपमा विश्व बैंकको सहयोगमा 'लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना' सञ्चालन भएको छ ।

झापाको मेचीनगर नगरपालिका, मोरङको उर्लाबारी नगरपालिका, धनकुटाको धनकुटा नगरपालिका र संखुवासभाको भोटखोला गाउँपालिकामा नमुना परियोजना सुरु भएको परियोजनाकी विज्ञ कमला उप्रेतीले बताइन् ।

नेपालमा कोभिड-१९ को महामारीपछि लैंगिक हिंसा बढेर गएको हुँदा यसको रोकथाम र प्रतिकार्यका लागि विश्व बैङ्कको सहयोगमा परीक्षणको रूपमा देशभर छ र कोशीका ४ पालिकामा परियोजना लागू भएको उनले बताइन् । लुम्बिनी प्रदेशको रुपन्देहीको तिलोत्तमा र नवलपर ासीको रामग्राम नगरपालिकामा पनि यो परियोजना लागू भएको छ । विश्व बैङ्कले चालू आर्थिक वर्षमा पालिकालाई परियोजना सञ्चालनका लागि ४० लाख रूपैयाँका दरले सहयोग प्रदान गरेको उनले बताइन् । परियोजना परीक्षणको रूपमा ५ वर्षको हुने र त्यसको प्रभावकारिता मूल्याङ्कनपछि देशभरका सबै पालिकामा यसलाई लैजाने नेपाल सरकारको योजना रहेको उप्रेतीले बताइन् ।

परियोजना सञ्चालन भएका पालिकामा समाजका प्रतिष्ठित व्यक्ति समेटेर सद्भावना दूतका रूपमा 'पुरुष सञ्जाल' गठन गर्ने र सञ्जालमार्फत लैंगिक हिंसा न्यूनीकरणका लागि समुदायमा रोकथाम र प्रतिकार्य सम्बन्धी कार्यक्रम गरिने भएको छ ।

# धुलिखेल अस्पतालको 'ट्रमा एण्ड इमर्जेन्सी सेन्टर'को शिलान्यास



**काभ्रेपलाञ्चोक /मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले काभ्रेपलान्चोकको धुलिखेल नगरपालिका-६ स्थित धुलिखेल अस्पतालको ट्रमा एण्ड इमर्जेन्सी सेन्टर भवनको बुधबार शिलान्यास गरेका छन् ।

नेपाल सरकारको पहलमा धुलिखेल अस्पताल र जापान अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (जाइका) बीचको समझदारी अनुसार जापान सरकारको सहयोगमा सेन्टर निर्माण हुन लागेको हो ।

उक्त अस्पतालमा ट्रमा एण्ड इमर्जेन्सी सेन्टर (आन्तरिक अनुदान)को सुधार परियोजनाका लागि जापान सरकारले थप तीन अर्ब दुई करोड ९६ लाख यान अनुदान दिनेछ । सगरमाथा संवादका क्रममा जापानका परराष्ट्र उपमन्त्री इक्युना आकिकोको नेपालमा भ्रमणका क्रममा उक्त सम्झौतामा दुईपक्षीय हस्ताक्षर भएको थियो ।

यही जेठ २ गते अर्थ मन्त्रालयमा उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र जापानका संसदीय उपविदेशमन्त्री इकुइना अकिकोबीच उक्त अनुदान सहायता सम्झौतामा हस्ताक्षर भएको थियो । आयोजना कार्यान्वयनका लागि जापान सरकारबाट तीन अर्ब दुई करोड ९६ करोड यानको अनुदान सहयोगमा सन् २०२३ मा हस्ताक्षर भइसके पनि मूल्यवृद्धि र अन्य कारणले आर्थिक अभाव भएपछि अहिले थप अनुदान उपलब्ध गराइएको जनाइएको छ ।

निर्माण सम्झौतामा जापान सरकारले ६० प्रतिशत भवनमा र सबै प्रकारका मेडिकल उपकरणका लागि ४० प्रतिशत सहयोग गर्ने उल्लेख छ । सेन्टरमा पार्किङ, आइसियु, ३ वटा अप्रेसन थिएटर, एचडियु, ल्याब, फार्मेसी, फोहोर व्यवस्थापनलगायत आवश्यक सबै सेवाहरु उपलब्ध हुने छ । यस्तै सेन्टर सञ्चालनका लागि ३ तला बेसमेन्टसहित ५ तलाको भवन निर्माण हुने आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदनमा उल्लेख छ ।

शिलान्यास कार्यक्रममा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, संघीय सांसद् गोकुलप्रसाद बाँस्कोटालगायत सहभागी थिए ।

# जनमत पार्टीकी सांसद गीता गुरुङ पदमुक्त

**काठमाडौं /मस–** लुम्बिनी प्रदेशसभा सदस्य गीता गुरुङ पदमुक्त भएकी छन् । प्रदेशसभाको बुधबारको बैठकबाट उनी पदमुक्त भएकी छिन् ।

श्रीमान् कैलाश गुरुङले सामाजिक सञ्जालमार्फत जनमत पार्टीको तर्फबाट सांसद रहेकी गुरुङले २० वैशाखमा राजीनामा दिएको जानकारी गराएका थिए । गीताले इमेलमार्फत राजीनामा पठाएकी थिइन् । पछिल्लो समय बेलायत बस्दै आएकी उनी लगातार १० वटा बैठकमा अनुपस्थित भएपछि संविधान र नियमावलीअनुसार पद रिक्त भएको घोषणा गरिएको हो । उनी समानुपातिक सांसद हुन् ।

लगातार १० वटा बैठकमा अनुपस्थित भएपछि संविधान र नियमावलीअनुसार उनको पद रिक्त भएको घोषणा गरिएको हो ।

जनमत पार्टी संसदीय दलका नेता चन्द्रकेश गुप्ताले मंगलबार सभामुख तुलाराम घर्तीलाई पत्र पठाउँदै गुरुङ लगातार १० बैठकमा अनुपस्थित भएकाले संविधानअनुसार पद रिक्त घोषणा गर्न अनुरोध गरेका थिए ।

८७ सदस्यीय लुम्बिनी प्रदेशसभामा गुरुङ सबैभन्दा कम उपस्थिति हुने सांसद हुन् ।

भगवानपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भगवानपुर, सिराहा
मधेश प्रदेश, नेपाल

## आर्थीक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/०२/१५

मिति २०८१/१२/१९ गतेको दिन कार्यालयबाट र मिति २०८१/०१/२० गतेको दिन मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना यस कार्यालयमा उल्लेखित ठेक्काको लागि दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र प्राविधिक प्रस्तावमा उतीर्ण भै सारभूत रुपमा प्रभावग्रही भई स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम बोलपत्र स्वीकृतको लागी आशयको सूचना जारी गरिएकोले सो ठेक्का सम्बन्धि असन्तुष्ट भए सूचना जारी भएको मितिले ७ सात दिन भित्र पेश गर्नु हुन सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**ठेक्का नं.-** BRM/NCB/WORK/01/2081/082

**योजनाको नाम:-** Cunstruction of Pond Beautification at Bhagwanpur Rural Municipality a) La Na Kau Ja Ma Vi Pond Ward No. 2 b) Ba Su Ma Vi Pond Ward No. 1

| प्रस्ताव स्वीकृतका लागि छनोट भएका बोलपत्रदाता | |
|---|---|
| १ | Chakra Construction Lahan Municipality-4, Siraha |

प्रमुख प्रशासकीय अधिकृत

खप्तड छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोगडी, बाजुरा
(सुदूरपश्चिम प्रदेश, नेपाल)

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०२/१५

यस खप्तड छेडेदह गाउँपालिकाको कार्यालयद्वारा मिति २०८१/१२/१३ गतेको प्रकाशित सूचना अनुसार E–Bid मार्फत रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन गर्दा यस कार्यालयको बोलपत्र मूल्याङ्कन समितिबाट देहायको कार्यमा तपसिल बमोजिमको बोलपत्रदाताहरुको प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही ठहर भई स्वीकृतिका लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा (२७) को उफदफा (२) र (३) बमोजिम र सोही ऐनको दफा (४७) को प्रयोजनार्थ बोलपत्र स्विकृतीका लागि छनौट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारिका लागि प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (मु.अ.कर र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1 | KCRM/NCB/G/01/2081-082 | Supply, Delivery and Procurement of Stationary items upto Khaptad Chhededaha Rural Municipality Office, Bajura. | Anjila Trade And Suppliers., Sanfebagar-03, Achham. | रु. १२,०६,८६३।०० (अक्षररुपी बाह्र लाख छ हजार आठ सय त्रिसठ्ठी रुपैंया मात्र) |

नि.प्रमुख प्रशासकीय अधिकृत

## बहराइन र कुवेतमा रोजगार

कम्पनी : Almoayyed Contracting Group | शहर : Manama
पूर्व स्वीकृत मितिः २०८०/०६/२१ | चलानी नं.: ६०२०८८७३ | LT. No.: 293665 | पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 3 | 10 | सम्बन्धित काममा दक्ष | 100 | ३६,१३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 32 | 0 | | 120 | ४३,३६६ | | | | | | | |

कम्पनी: KUWAIT ASIAN INTERNATIONAL EXCHANGE CO. | शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/११/०१ | चलानी नं.: ६०२३२५५० | L.T. No.: 318906 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CASHIER | 7 | 3 | स. काममा दक्ष | 150 | ६६,६३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २२ गते (5 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015

## युएईमा रोजगार

कम्पनी: Golden Gleam Cleaning Services LLC | शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०२/१४ | चलानी नं.: ६०२३८७०४ | LT. No.: 324632

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 13 | 0 | स. काममा दक्ष | 1200 | ४४,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २२ गते (5 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत नं. ५७७/०६२/०६३
RAPID INTERNATIONAL PVT.LTD.
Seto Pool, Ram Mandir Marg, Maitidevi Kathmandu, Nepal.
Tel: 01-4565877 / 01-4588912

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१५ जेठ २०८२ बिहीबार
29 May 2025, Thursday

## सम्पादकीय

# विपक्षीले दिएको सन्देश

गृहमन्त्री रमेश लेखकको राजीनामा र भिजिट भिसा घुस प्रकरणमा छानबीनको माग राखेर संसद् अवरोध गरिरहेका विपक्षी दलहरूले बजेट आउन दिने भएका छन् । विपक्षीहरूले लिएको यो निर्णय विवेकपूर्ण र स्वागत योग्य छ । भलै बजेट आउन दिन प्रधानमन्त्री केपी शर्मा ओली र सभामुख देवराज घिमिरेले विपक्षीहरूसँग आग्रह गरेका थिए । प्रधानमन्त्री ओलीले प्रमुख प्रतिपक्षी दलका नेता रहेका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग टेलिफोन मार्फत् बजेट ल्याउन सहयोग मागेका थिए । सभामुख घिमिरेले प्रमुख सचेतकहरूको बैठक राखेर बजेट आउने बातावरण मिलाउन आग्रह गरेका थिए । बजेट आउने बातावरण बनाउने दायित्व प्रधानमन्त्री र सभामुखकै हो । तर प्रधानमन्त्री र सभामुखको आग्रहलाई स्वीकार गर्ने निर्णय आफैमा महत्वपूर्ण छ ।

आज बजेट आउन दिने विपक्षीहरूको निर्णय देश र जनताकै पक्षमा छ । किनकि १५ जेठमा बजेट ल्याउनुपर्ने संवैधानिक व्यवस्था छ । विगतका कयौं वर्षहरूमा सरकारले बजेट प्रस्तुत गर्नै नसक्ने अवस्था हुँदा मुलुकको अर्थतन्त्र धरासयी बन्दै गएको थियो । बजेट समयमा नआउँदा विकास निर्माणका कार्य अवरूद्ध हुने मात्र नभएर सञ्चालन खर्चमै समस्या देखिने गरेको थियो । त्यसैले २०७२ को संविधान मार्फत् १५ जेठमै बजेट अनिवार्य ल्याउने व्यवस्था गरियो । तर यसपटक बजेट आउने वा नआउनेमा अन्योल थियो । किनकि विपक्षीहरूले गृहमन्त्री लेखकको राजीनामालाई सर्त बनाएका थिए भने सत्तारूढ नेपाली कांग्रेस र नेकपा एमालेले गृहमन्त्रीको बचाउमा उभिने निर्णय गरेका थिए । जसकारण बजेट आउने–नआउने अन्योल थियो ।

तर माओवादी केन्द्र, रास्वपा, राप्रपा लगायत विपक्षी दलका नेताहरूले बजेट आउन दिने निर्णय लिए । उनीहरूको सर्त छ– बजेट आउन दिन्छौं, नियमित संसद् चल्नलाई चाहिँ माग पूरा हुनुपर्छ । अर्थात् बजेट प्रस्तुत भएपछि फेरि संसद् अवरोध सुरु हुनेछ । अनि गृहमन्त्री लेखकले भने आफूमाथि नियोजित तरिकाले आरोप लगाएर अन्यायमा पार्ने काम भइरहेको सार्वजनिक प्रष्टोक्ति दिएका छन् । त्यसैले बजेट पछि संसद् अवरोधको समस्या कायमै रहने देखिन्छ । यस्तोमा सत्तारूढ नेतृत्वको विवेक परीक्षा अबको कोर्स हुनेछ । विपक्षीहरूले विवेक प्रयोग गरे, र बजेट आउने भयो । अब सत्तारूढ शक्तिले गृहमन्त्रीमाथि उठेको प्रश्नलाई निकास दिनुपर्नेछ र राजनीतिक कोर्स सही दिशामा बढाउन नेतृत्व गर्नुपर्छ ।

**सन्दर्भः गणतन्त्र दिवस**

# गणतन्त्रलाई संस्थागत गर्ने सवाल

*गणतन्त्र संस्थागत गर्नु भनेको राज्य र समाजबीचको विश्वास निर्माण गर्नु हो । जनताको चाहना, सरोकार र आकांक्षालाई सम्मान गर्दै चल्ने शासन प्रणाली मात्रै दिगो गणतन्त्रको आधार बन्न सक्छ...*

**अग्रलेख**



● चन्द्रबहादुर बस्याल




नेपालमा गणतन्त्रको स्थापनाले मुलुकको राजनीतिक, सामाजिक र सांस्कृतिक संरचनामा गहिरो रूपान्तरण ल्याएको छ । राजतन्त्रपछिको यो परिवर्तनले नागरिक सर्वोच्चताको आधारमा राज्य सञ्चालन गर्ने व्यवस्था गरेको छ । तर, केवल शासनप्रणालीको परिवर्तनले मात्रै गणतन्त्र संस्थागत हुँदैन । यो व्यवस्थाले जनताका जीवनमा प्रत्यक्ष र सकारात्मक प्रभाव पार्न नसकेसम्म गणतन्त्रको सार्थकता सिद्ध हुँदैन । त्यसैले गणतन्त्रलाई संस्थागत गर्नु भनेको केवल राजनीतिक परिवर्तनलाई कानुनी रूपमा वैधता दिनु मात्र होइन, यो प्रक्रियालाई सामाजिक र संरचनात्मक रूपमा सुदृढ गर्नु पनि हो ।

गणतन्त्र संस्थागत गर्ने सवाल राजनीतिक स्थायित्वको सवाल पनि हो । संविधानसभाबाट संविधान जारी भएपछि नेपालले संघीय लोकतान्त्रिक गणतन्त्रको बाटो समातेको हो । तर, संविधानको कार्यान्वयनको गति, जनताका अपेक्षासँग मेल नखाने शासकीय कार्यशैली अनि सत्ता स्वार्थमा केन्द्रित राजनीतिक व्यवहारले यो व्यवस्थालाई धराशायी बनाउने खतरा बढाएको छ । गणतन्त्र संस्थागत गर्न राजनीतिक दलहरूले लोकतान्त्रिक मूल्य, जवाफदेहिता र पारदर्शितामा दृढ प्रतिबद्धता देखाउन आवश्यक छ । जनताले चुनेका प्रतिनिधिहरू जनताको सेवामा हो भन्ने अनुभूति नागरिकले गर्न सक्नुपर्छ । तर, जनप्रतिनिधि जनताबाट टाढिँदै गएका छन् भन्ने आम धारणा जनस्तरमा फैलिएको छ, जसले गणतन्त्रप्रति वितृष्णा बढाउने खतरा निम्त्याउँछ ।

संस्थागत गणतन्त्रको अर्को मुख्य पक्ष, न्यायिक तथा कानुनी प्रणालीमा देखिन्छ । सबै नागरिक कानुनको दृष्टिमा समान छन् भन्ने सिद्धान्त व्यवहारमा लागू हुन जरुरी छ । विधिको शासन सुनिश्चित नगरी गणतन्त्रको मर्म पूरा हुँदैन । जब राज्यका निकायहरू शक्तिशाली व्यक्तिहरूका पक्षमा झुकाव राख्छन् र गरिब वा कमजोर नागरिकहरू न्यायबाट वञ्चित हुन्छन्, तब गणतन्त्र केवल कागजी दस्तावेजमा सीमित रहन्छ । त्यसैले स्वतन्त्र, निष्पक्ष र प्रभावकारी न्याय प्रणाली गणतन्त्र संस्थागत गर्ने मेरुदण्ड हो ।

शिक्षा र जनचेतनाको विकास पनि संस्थागत गणतन्त्रको आधारशिला हो । गणतन्त्र नागरिकको सक्रिय सहभागितामा आधारित शासन प्रणाली हो । जब नागरिकहरू आफ्ना अधिकार र कर्तव्यबारे जानकार हुन्छन्, तब मात्र उनीहरू राजनीतिक प्रक्रियामा जिम्मेवार ढंगले सहभागी हुन सक्छन् । नागरिक सचेत नहुँदासम्म मताधिकारको प्रयोग पनि केवल औपचारिकताको विषय बन्न पुग्छ । त्यसैले नागरिक शिक्षालाई प्राथमिकतामा राखेर विद्यालयदेखि विश्वविद्यालयसम्मको पाठ्यक्रममा लोकतन्त्र, मानवअधिकार र नागरिक जिम्मेवारीबारे स्पष्ट शिक्षा दिनु आवश्यक छ ।

स्थानीय शासन प्रणालीको सुदृढीकरण गणतन्त्र संस्थागत गर्ने अर्को महत्वपूर्ण पक्ष हो । संघीय संरचनाअनुसार स्थानीय तहलाई सेवा प्रवाह र विकासको केन्द्र बनाइएको छ । तर, पर्याप्त स्रोत, प्राविधिक क्षमता र प्रशासनिक सहकार्यको अभावले गर्दा स्थानीय सरकारहरू प्रभावकारी रूपमा काम गर्न नसकेको गुनासो सर्वत्र छ । स्थानीय सरकारहरू जनताको नजिक हुने भएकाले त्यहाँको सफलता वा असफलताले गणतन्त्रप्रतिको जनधारणा निर्माण गर्छ । त्यसैले स्थानीय तहलाई अधिकार, स्रोत र जवाफदेहिताका आधारमा सक्षम बनाउनु आवश्यक छ ।

गणतन्त्रले विविधता स्वीकार्ने र समावेशी राज्य निर्माण गर्ने वाचा गरेको थियो । जातीय, भाषिक, लैङ्गिक, क्षेत्रीय विविधताले भरिएको नेपाली समाजमा समावेशीताको सवाल अझै पनि चुनौतिपूर्ण छ । अधिकार प्राप्ति र अवसरको समानताको सवालमा उत्पीडित समुदायहरूले अझै पनि संघर्ष गरिरहेकै छन् । गणतन्त्र संस्थागत गर्न सबै नागरिकले राज्यबाट समान व्यवहार पाएको महसुस गर्नुपर्ने हुन्छ । यदि कोही अझै पनि दोस्रो दर्जाका नागरिकझैं व्यवहारमा परिरहेछन् भने, त्यो व्यवस्थाको असफलता हो । त्यसैले समावेशीता र सामाजिक न्याय गणतन्त्र संस्थागत गर्ने मुल्यवत्ता बन्नुपर्छ ।

सञ्चार माध्यमहरूको भूमिकालाई पनि बेवास्ता गर्न मिल्दैन । स्वतन्त्र, जिम्मेवार र जनमुखी सञ्चार माध्यमहरूले नागरिकमा जागरण ल्याउने काम गर्छन् । तर जब सञ्चार माध्यमहरू स्वयं राजनीतिक पूर्वाग्रह र व्यवसायिक दबाबमा काम गर्न थाल्छन्, तब तिनीहरूले लोकतन्त्रलाई कमजोर बनाउने जोखिम बढ्छ । त्यसैले पत्रकारिताको स्वतन्त्रता मात्र होइन, त्यसको नैतिकता र जवाफदेहिता पनि सुनिश्चित गर्न जरुरी छ । स्वस्थ सार्वजनिक बहस गणतन्त्रको प्राण हो, र त्यसको वातावरण सञ्चारमाध्यमले निर्माण गर्छन् ।

गणतन्त्र संस्थागत गर्ने अर्को चुनौती सामाजिक समानताको खाडल हटाउने हो । वर्गीय विभाजन, गरिबी, बेरोजगारी, शिक्षा र स्वास्थ्यमा असमान पहुँचजस्ता समस्याहरूले गणतन्त्रलाई जनजीवनमा प्रभावकारी बनाउनु असम्भव बनाउँछ । आर्थिक तथा सामाजिक न्याय सुनिश्चित नगरी राज्यले गणतान्त्रिक मूल्यहरू पूरा गर्न सक्दैन । नागरिकको जीवनस्तर सुधार हुनु, सेवा सुविधामा सहज पहुँच हुनु र आत्मसम्मानपूर्वक बाँच्न सक्ने वातावरण हुनु गणतन्त्रको अन्तिम लक्ष्य हो ।

गणतन्त्र संस्थागत गर्न अन्तर्राष्ट्रिय सम्बन्ध र भू-राजनीतिक सन्तुलन पनि महत्त्वपूर्ण हुन्छ । नेपालको परराष्ट्र नीतिमा असंलग्नता, स्वतन्त्रता र सार्वभौमिकतामा आधारित व्यवहार हुनुपर्छ । कुनै पनि बाह्य शक्तिको प्रभावले नेपालको आन्तरिक शासन प्रणालीमा हस्तक्षेप हुने अवस्था सिर्जना भयो भने त्यो गणतन्त्रको आत्मनिर्णयमाथिको खतरा हो । त्यसैले राष्ट्रिय एकता, भौगोलिक अखण्डता र स्वतन्त्र निर्णय क्षमताको रक्षा गर्दै अघि बढ्नुपर्ने हुन्छ ।

> *तर, संविधानको कार्यान्वयनको गति, जनताका अपेक्षासँग मेल नखाने शासकीय कार्यशैली अनि सत्ता स्वार्थमा केन्द्रित राजनीतिक व्यवहारले यो व्यवस्थालाई धराशायी बनाउने खतरा बढाएको छ...*

अन्ततः, गणतन्त्र संस्थागत गर्नु भनेको राज्य र समाजबीचको विश्वास निर्माण गर्नु हो । जनताको चाहना, सरोकार र आकांक्षालाई सम्मान गर्दै चल्ने शासन प्रणाली मात्रै दिगो गणतन्त्रको आधार बन्न सक्छ । यसका लागि सबै तह र तप्काका नागरिक, राजनीतिक दल, सरकार, न्यायालय, सञ्चार माध्यम, शिक्षा क्षेत्र–सबैको साझा प्रयास अपरिहार्य छ । गणतन्त्र केवल एउटा प्रणाली होइन, यो एक जीवनदर्शन हो–जहाँ जनताको सम्मान, समानता र सहभागिता राज्यको मूल स्वरुप हुन्छ । त्यसैले गणतन्त्र संस्थागत गर्नु भनेको नागरिक स्वाभिमानको संस्थागत सुरक्षा गर्नु हो ।

अन्ततः, गणतन्त्र संस्थागत गर्नु भनेको राज्य र समाजबीचको विश्वास निर्माण गर्नु हो । जनताको चाहना, सरोकार र आकांक्षालाई सम्मान गर्दै चल्ने शासन प्रणाली मात्रै दिगो गणतन्त्रको आधार बन्न सक्छ । यसका लागि सबै तह र तप्काका नागरिक, राजनीतिक दल, सरकार, न्यायालय, सञ्चार माध्यम, शिक्षा क्षेत्र–सबैको साझा प्रयास अपरिहार्य छ । गणतन्त्र केवल एउटा प्रणाली होइन, यो एक जीवनदर्शन हो–जहाँ जनताको सम्मान, समानता र सहभागिता राज्यको मूल स्वरुप हुन्छ । त्यसैले गणतन्त्र संस्थागत गर्नु भनेको नागरिक स्वाभिमानको संस्थागत सुरक्षा गर्नु हो ।

## इतिहासमा आज

२९ मे १९९९ मा १६ वर्षको सैन्य शासनपछि नाइजेरियामा पहिलो आम निर्वाचन भएको थियो । जुन निर्वाचनबाट ओलुसेगुन ओबासान्जोले नाइजेरियाको राष्ट्रपतिको रूपमा पदभार ग्रहण गरेका थिए ।



२९ मे १९९९ मा अन्तरिक्ष यान डिस्कभरीले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनसँग पहिलो डकिङ पूरा गरेको थियो ।



२९ मे २००५मा फ्रान्सले राष्ट्रिय जनमत संग्रह गर्दै युरोपेली संघको संविधानलाई अस्वीकार गर्ने निर्णय सुनाएको थियो ।




२९ मे १९९३ मा युद्धग्रस्त साराजेभोमा मिस साराजेभो सौन्दर्य प्रतियोगिता आयोजना गरिएको थियो । जुन प्रतियोगितामार्फत साराजेभोले आफ्ना नागरिकहरूको दुर्दशाबारे विश्वव्यापी ध्यान आकर्षित गराएको थियो ।




# गणतन्त्रमाथि उठेको प्रश्न र निरूपण

**विचार**



● शंकर मान सिंह

> *विशेषगरी जनतामा अवस्थाको सन्दर्भबाट व्यवस्थाप्रति असन्तुष्टि छन् । जसको निरूपण खोजिनु अहिलेको मूल जिम्मेवारी हो । बजेटमा संविधानले मार्गदर्शन गरेअनुसार र पछिल्लो पुस्ताको आकांक्षालाई समेत समेट्ने गरी कार्यक्रम ल्याउन आवश्यक छ...*

जेठ १५ गते गणतन्त्र दिवसको दिन धेरै कार्यक्रम जुधेको रहेछ । एकातिर राजसंस्थावादीको अभियान छ, अर्कोतिर सत्तारूढ एमालेको अभियान अनि बजेट वक्तव्य पनि । विगत हेर्दा संविधान निर्माण गर्दाको लापरबाही हो वा के हो बजेट वक्तव्यको दिन र गणतन्त्र दिवस एकै दिन पर्न गएको छ । संविधानमा भएको व्यवस्था परिवर्तन गर्न सकिने अवस्था समेत सामान्यता रहेको छैन ।

सुरुवात गर्न चाह्यौं गणतन्त्रको अर्थबाट र यहाँ विश्व प्रसिद्ध अङ्ग्रेजी विश्वविद्यालय क्याम्ब्रिजको परिभाषा सापट लिँदैछौं, जसका अनुसार गणतन्त्रात्मक शासन पद्धति भनेको यस्तो राज्य व्यवस्था हो जहाँ राजा वा रानी नभईकन जनताद्वारा चुनिएका प्रतिनिधिहरूले शासन गर्ने गर्दछन् । नेपालमा गणतन्त्रको सुरुवात भएको डेढ दशक मात्र पुगेको छ । त्यसभन्दा अगाडी देशमा राजतन्त्र थियो र राजा नै राष्ट्र प्रमुख हुन्थे ।

वि.सं. २०६२-६३ मा भएको शान्तिपूर्ण जनआन्दोलनपछि जारी गरिएको अन्तरिम संविधानअनुरूप सम्पन्न संविधान सभाको निर्वाचन पश्चात् गठन भएको संविधान सभाको पहिलो बैठकले २०६५ साल जेठ १५ गते राजतन्त्र उन्मूलन गरी नेपालमा गणतन्त्र स्थापना गरेको थियो । त्यसपछिको संविधान सभाले डा. रामवरण यादवलाई गणतन्त्र नेपालको पहिलो राष्ट्रपति घोषणा गऱ्यो । राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी गणतन्त्र नेपालको दोस्रो राष्ट्रपति एवं देशमा नयाँ संविधान जारी भएपछिको पहिलो राष्ट्राध्यक्ष भइन् । त्यसपछि रामचन्द्र पौडेल नेपालको राष्ट्रपति भएका छन् ।

नेपालको संविधान २०७२ ले राष्ट्रपतिलाई राष्ट्राध्यक्ष र संविधानको संरक्षक एवं अभिभावकको रूपमा स्थापित गरेको छ । राष्ट्रिय एकताको प्रवर्द्धन, संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको कर्तव्य हुनेछ भन्ने कुरा संविधानले निर्दिष्ट गरेको छ । माओवादीको सशस्त्र संघर्ष र ७ राजनीतिक दलको शान्तिपूर्ण आन्दोलनको फ्युजनपछि भएको २०६२/०६३ को दोस्रो जनआन्दोलनमार्फत संविधानसभाको चुनाव गर्ने, गणतन्त्र स्थापना गर्ने दिशामा मुलुक प्रवेश गरेको थियो । अन्ततः संविधानसभा निर्वाचनमार्फत गणतन्त्रको घोषणा भएको थियो ।

नेपालमा गणतन्त्र आउनु अगावै राष्ट्रप्रमुख हुनका लागि राजपरिवारमै जन्मिएका व्यक्ति अर्थात् राजाका छोराछोरी, राजपाठमा हुर्किएका शाही सदस्य मात्र हुन पाउने व्यवस्था थियो । समयको परिवर्तन हेरै आज स्वतन्त्र अनि गणतान्त्रिक नेपालमा जन्मिएका हरेक नागरिकले आफ्नो स्वतन्त्रता, राष्ट्र प्रेम अनि स्वछन्दताका आधारमा भविष्यको राष्ट्रपति हुने सम्भावना बोकेर जन्मिएका छन् । आज नेपालमा विभिन्न ७ वटा प्रदेशहरू अनि प्रादेशिक शासन स्वरूपमा गणतन्त्रको नयाँ खाका कोरिए पनि सकिएको छ ।

गणतन्त्र घोषणा पछि आएका बजेटमा समाजवाद उन्मुख अर्थतन्त्रको कुरा भेटिन्छ । जहाँ युवालाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्ने र कृषि उत्पादनमा वृद्धि गर्ने नीतिगत उद्देश्य राखिएको पाइन्छ । हालै प्रस्तुत गरिएको नीति तथा कार्यक्रममा पनि सोही प्रकृतिका उद्देश्यहरू समेटिएको पाइन्छ । जसको थप विस्तृत रूप बजेटमा आउने अपेक्षा गर्न सकिन्छ ।

विशेषगरी जनतामा अवस्थाको सन्दर्भबाट व्यवस्थाप्रति असन्तुष्टि छन् । जसको निरूपण खोजिनु अहिलेको मूल जिम्मेवारी हो । बजेटमा संविधानले मार्गदर्शन गरेअनुसार र पछिल्लो पुस्ताको आकांक्षालाई समेत समेट्ने गरी कार्यक्रम ल्याउन आवश्यक छ । नत्र, यति बेला सडक देखिएको असन्तुष्टि पुनः बढ्नेमा दुबिधा छैन । यो असन्तुष्टि साम्य पार्न पनि सरकार र मुख्य दलहरू थप जिम्मेवार हुन आवश्यक छ । सरकारले आफ्ना कार्यक्रमलाई जनतातर्फ फर्काउनु पर्दछ र समयको मागसँगै थप परिमार्जन गर्न तयार हुनुपर्दछ । नत्र असन्तुष्टिको आगो बढ्नेमा दुबिधा छैन ।

## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

भिजिट भिसा प्रकरणमा गृहमन्त्री लेखक आर्थिक लाभार्थीका रूपमा संलग्न छन् कि छैनन्, त्यो दोस्रो-छानबिनपछि थाहा हुने हो । पहिलो कुरा- सत्तामा आएको ११ महिनामा उनले त्यस्तो प्रचलन किन तोडेनन् ? किन सेटिङ सहज हुने सरुवा र जिम्मेवारी दिए ? आफ्नै नाकमुनिको सेटिङ यति लामो समयमा थाहा हुन्न ?



**निर्मल प्रसाईं**

बत्ती नजाँदै गयो भनेर आतंक फैलाउनेको नम्बर नोट गरेर प्रहरीलाई दिनुस्, दण्डित गरिन्छ : ऊर्जामन्त्री खड्का । अनि छिनछिनमै झ्याप-झ्याप बत्ती काट्नेलाई के गर्ने ? जसकारण हाम्रो घरको दुइटा चिम बिग्रियो, यसको भर्पाई कसले तिर्ने ? अहिले हाम्रो तिर हाफ भोल्टेज छ, यसको भागिदार को ?



**सरोज पोखरेल**

तस्करबाट जफत गरिएको ३ अर्बभन्दा बढीको रक्तचन्दन देशका बन तथा भूसंरक्षण विभागका विभिन्न शाखामा अलपत्र परेको छ । त्यतिकै सडेर जान दिनुभन्दा लिलाम बिक्री गरे हुँदैन ? रक्त चन्दन सड्नु भनेको पैसा सडे जतिकै हो । के हो यस्तो जता हेऱ्यो सडेकै बुद्धि वालाको बोलवाला छ !



**कमल भट्टराई**

जवानी थियो, सपना ठुला देखिन्थ्यो, छालसँग खेलिन्थ्यो, बादलमाथि उडिन्थ्यो, फक्रिँदै गरेका फुलको रसमा भुलिन्थ्यो । उमेर बढ्दै जाँदा, बैंस ढल्दै गर्दा सपनाका आकार हुँदा रहेछन् । साना, धेरै सपना बिस्तरामै पोखिए । थोरैले बिपनामा कोल्टे फेरे । शरीरमा सुटुक्क प्रवेश गर्छन्, बुढेसकालका सपना परिपक्व हुन्छन् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# चन्दननाथ मन्दिरको सेरा खेतमा परम्परागत मार्सी धान रोपाइँ

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १४ जेठ



जुम्लाको प्रसिद्ध धार्मिक स्थल चन्दननाथ भैरवनाथ मन्दिर परिसरस्थित सेरा खेतमा परम्परागत 'काली मार्सी' धानको रोपाइँ सम्पन्न भएको छ । परापूर्वकालदेखि चली आएको परम्पराअनुसार हरेक वर्ष जेठ १४ गते चन्दननाथ भैरवनाथ गुठी समितिको पहलमा यो रोपाइँ गरिँदै आएको हो ।

चन्दननाथ भैरवनाथ गुठी समितिका अध्यक्ष अम्मर थापाका अनुसार सेरा खेतमा रोपिने मार्सी धान मन्दिरमा अक्षता चढाउन प्रयोग गरिन्छ । रोपाइँ कार्यक्रममा चन्दननाथ नमुना माविका विद्यार्थीहरू र स्थानीय महिलाहरूको सक्रिय सहभागिता रहेको थियो ।

जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले चन्दननाथ मन्दिरको सेरा खेतमा हुने रोपाइँले यस क्षेत्रको सांस्कृतिक तथा कृषिजन्य महत्वलाई उजागर गर्ने बताए । 'हिन्दू धर्मको प्रमुख मन्दिर चन्दननाथ र यसका वरपरका खेतहरूले परम्परागत कृषि अभ्यासको सम्वर्द्धन गर्दै आएका छन्,' उनले भने । आचार्यका अनुसार यस्तो परम्परा आगामी पुस्तासम्म निरन्तरता दिन संरक्षण आवश्यक छ ।

यसै अवसरमा चन्दननाथ नगरपालिका-५ का वडाध्यक्ष वृर्ख बहादुर कार्कीले चन्दननाथको सेरा खेत जुम्लाको धार्मिक र ऐतिहासिक पहिचानसँग जोडिएको बताए । उनले मागल गीत गाउने परम्परा आज पनि जीवित रहेको जनाए ।

ऐतिहासिक दृष्टिकोणले हेर्दा, जुम्ली काली मार्सी धानको उत्पत्ति १२ औं शताब्दीमा भएको मानिन्छ । सन् १३०० तिर गुरु चन्दननाथले भारतको काश्मीरबाट काली मार्सी धानको बिउ ल्याई, तातोपानीस्थित लछालकृति पैकलालाई तालिम दिई, धान खेती विस्तार गरेको मानिन्छ । परीक्षणपछि चन्दननाथ मन्दिरको सेरा खेतमै खेती गरिएको र किसानलाई वितरण गरिएको थियो ।

हाल पनि चन्दननाथ मन्दिरमा मार्सी धानको चामलबाट सिक चढाउने परम्परा कायम छ । केही जानकारका अनुसार मार्सी धानकै कारण नेपालमा हुलाक सेवा सुरु गर्ने प्रेरणा मिलेको किंवदन्ती छ । स्थानीय उत्पादन तत्कालीन राजा-रजौटालाई हुलाकमार्फत पठाइने गरिन्थ्यो । जुम्लामा धान खेती बेँसी क्षेत्र (समुद्र सतहबाट २,०००-२,२०० मिटर) र उच्च क्षेत्र (२,८००-३,००० मिटर) मा समेत गरिँदै आएको छ । अहिले पूरा जिल्लामै काली मार्सी धान रोप्ने चटारो छ ।

# 'अपराध नियन्त्रणमा अर्घाखाँची प्रहरी अब्बल'

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १४ जेठ

जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख प्रहरी नायव उपरीक्षक चक्रबहादुर मल्लले जिल्लामा शान्ति सुरक्षा कायम गर्न तथा अपराध नियन्त्रण गर्न प्रहरी एक्लैले मात्र सम्भव नहुने बताएका छन् ।

जिल्ला प्रहरी कार्यालयमा वरिष्ठ पत्रकारहरूसँग आयोजित छलफल कार्यक्रममा बोल्दै उनले प्रहरी र स्थानीय समुदाय, संघ-संस्था, आमा समूह, विभिन्न क्लब, विद्यालय तथा स्थानीय तहसँगको समन्वय र सहकार्यबाट जिल्ला प्रहरी सफल बनेको उल्लेख गरे ।

डिएसपी मल्लका अनुसार, अर्घाखाँची प्रहरीले सञ्चालन गरेका विभिन्न सचेतनामूलक कार्यक्रम तथा जनचेतना अभिवृद्धि गर्ने गतिविधिमा सर्वसाधारण, सरोकारवाला र समुदायको सक्रिय सहभागिता रहेको छ । उनले भने, 'समाजमा हुने जुनसुकै घटनाको जानकारी तुरुन्त प्रहरीले पाउन सकेमा अपराध अनुसन्धानमा सहजता हुन्छ । यसका लागि समुदाय र प्रहरीबीच सहकार्य अत्यावश्यक छ ।'



उनले हालै बिमा दाबीका लागि नक्कली चालक देखाइ ठगी प्रयास गरेको अभियोगमा एक व्यक्तिलाई पक्राउ गरिएको जानकारी पनि दिए । उनका अनुसार, पाणिनी गाउँपालिका-१ बड्डाँडाका टुकबहादुर शारु आफ्नै नाममा रहेको मधेश प्रदेश ०३-००२ स ००२ नम्बरको टेम्पो दुर्घटना भएपछि बिमा दाबी गर्न जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीमा झुटो कागजात पेश गरेका थिए ।

अनुसन्धानका क्रममा टेम्पो चलाउने चालकसँग अनुमतिपत्र (लाइसेन्स) नरहेको पाइएको र सोही आधारमा शारुलाई पक्राउ गरिएको मल्लले बताए । उनले घटनासँग सम्बन्धित अर्को व्यक्ति, पाणिनी-२ पोखराथोकका चामबहादुर रास्कोटीलाई चालक देखाइ कागजात पेश गरिएको पाइएको भन्दै हाल उनलाई जिल्ला प्रशासन कार्यालयबाट म्याद थप गरी अनुसन्धान भइरहेको जानकारी दिए ।

डिएसपी मल्लले जिल्ला प्रहरी कार्यालयले अर्घाखाँचीमा दुर्घटना न्यूनीकरणका लागि विभिन्न प्रयासहरू गरिरहेको जानकारीसमेत दिए । ती प्रयासहरू अन्तर्गत सडक छेउमा होडिङ बोर्ड राख्ने, ऐनाहरू जडान गर्ने, चालक-सहचालकहरूको निःशुल्क स्वास्थ्य तथा दृष्टि परीक्षण गर्ने, विद्यालय तथा क्याम्पसहरूमा दुर्घटना न्यूनीकरणसम्बन्धी कक्षा सञ्चालन गर्ने कार्यक्रम अघि सारिएको उनको भनाइ थियो ।

# १ करोड बढी राजस्व छलीको आरोपमा मुद्दा दायर




**काठमाडौं/मस-** राजस्व अनुसन्धान विभागले कर छलीको आरोपमा रुपन्देहीको सुन्दर प्लाइउड सेन्टरका प्रोप्राइटर आकाश अग्रहरी विरुद्ध आज उच्च अदालतमा मुद्दा दायर गरेको छ ।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० (६) बमोजिम एक करोड बढी कर छलीको आरोपमा मुद्दा दायर गरिएको विभागका उपमहानिर्देशक तथा प्रवक्ता कृष्णकुमारी श्रेष्ठले जानकारी दिइन् ।

अग्रहरीले सञ्चालन गरेको पसल तथा गोदामको खानतलासी तथा मालवस्तुको भौतिक निरीक्षण गर्दा राजस्व चुहावट गर्ने उद्देश्यले प्रस्तुत फर्मका नाममा मालवस्तु खरिद गरी मौज्दात किताबमा प्रविष्टि नगरेको, बीजक जारी नगरी मालवस्तु बिक्री गरेको, मौज्दात विवरणभन्दा अधिक मालवस्तु फेला परेको र खरिद तथा भन्सार पैठारी गरेको प्रमाण नभेटिएको प्रवक्ता श्रेष्ठले बताइन् ।

उनले भनिन्, 'उक्त कार्यबाट राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी दफा ४ को खण्ड (क), (ख), (छ) र (झ) बमोजिम राजस्व छलीको कसुर गरेको पुष्टि हुन आएकाले कर छलीमा उच्च अदालतमा मुद्दा चलाएका हौं ।'

उनका अनुसार भन्सार चोरी पैठारी तर्फको अधिक मौज्दातको बिगो रु तीन लाख २५ हजार ८०७ र मूल्य अभिवृद्धि करतर्फको अधिक मौज्दातको बिगो रु दुई लाख ५२ हजार २७८, मूल्यअभिवृद्धि करतर्फको न्यून मौज्दातको बिगो रु १५ लाख ६९ हजार दुई सय ३६ र आयकरतर्फको बिगो रु ३१ लाख ८० हजार तीन सय २५ गरी जम्मा रु ५३ लाख २७ हजार छ सय ४६ बराबरको कर छली गरेको पाइएको छ ।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ (१) बमोजिम बिगो असुल उपर गरी बिगोको शतप्रतिशतसमेत जरिवाना गरी कूल रु एक करोड छ लाख ५५ हजार दुई सय ९२ असुल उपर गरी सोही ऐनको दफा २३ (१) (ख) बमोजिम सजायको माग दाबी लिई उच्च अदालतमा मुद्दा चलाइएको प्रवक्ता श्रेष्ठले बताइन् ।

# बागमती प्रदेशको नीति तथा कार्यक्रम सार्वजनिक



**हेटौंडा/मस-** बागमती प्रदेश सरकारले आगामी आर्थिज वर्षको नीति तथा कार्यक्रम बुधबार सार्वजनिक गरेको छ ।

प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले सरकारको आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति कार्यक्रम बुधबारको प्रदेशसभा बैठकमा पेश गरेका हुन् । सरकारको तर्फबाट भएको नीति तथा कार्यक्रममा आगामी बजेटमा योजना बैंकमार्फत कार्यक्रम अघि बढाउने उल्लेख छ ।

हरेक वर्षको बजेटमा विवाद बढेपछि यो पटक सरकारले योजना बैंक मार्फत निर्वाचन क्षेत्रको कार्यक्रम तय गर्ने नीति अघि सारेको हो । सरकारले विपद जोखिमलाई ध्यान दिएर आगामी आर्थिक वर्षबाट विपद बिमा कार्यक्रम ल्याउने नीति तथा कार्यक्रममा उल्लेख छ ।

प्रदेश सरकारको मातहतमा आफ्नै प्रहरी नहुँदा समस्या भएको उल्लेख गर्दै सरकारले नीति तथा कार्यक्रम मार्फत अन्य प्रदेश सरकार र संघको समन्वयमा संघीय सरकारसँग प्रदेश प्रहरीको विषयमा छलफल गर्ने उल्लेख गरेको छ ।

नीति तथा कार्यक्रमले भौतिक पुर्वाधार निर्माणमा जोड दिएको छ । भौतिक निर्माणको लागि एकद्वार प्रणालीको विकास गरिने कार्यक्रममा उल्लेख छ ।

सरकारले 'एकीकृत बस्ती, समृद्ध शहरको नीति'लाई अघि बढाउदै प्रदेश भित्रका ती क्षेत्रको पहिचान गर्नुको साथै उदयमान सहरको स्थापना गर्ने उल्लेख गरेको छ ।

'सडक र पुल : विकासको मूल' भन्ने नारासहित प्रादेशिक सडकको गुरुयोजना अधावदिक र प्रदेश लोकमार्ग निर्माणमा सरकारले ध्यान दिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

# ओतको बासस्थान संरक्षण गर्नुपर्नेमा जोड

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १४ जेठ



स्वस्थ नदीहरूको सूचकका रूपमा रहेको ओतलाई संरक्षण गर्न तल्लो कर्णाली नदी र यसका सहायक खोलाहरूलाई प्रदूषणमुक्त राख्नुका साथै अत्यधिक माछा मार्ने अभ्यास र ओतको बासस्थान विनाशबाट जोगाउनु आवश्यक रहेकोमा एक कार्यक्रमका सहभागीहरूले जोड दिएका छन् ।

विश्व ओत दिवसको अवसरमा बर्दियाको राजापुरमा आयोजित कार्यक्रममा सहभागीहरूले स्थानीय जलचर र जैविक विविधताको रक्षा गर्ने, हानिकारक तथा विनाशकारी माछा मार्ने अभ्यास घटाउने र सहअस्तित्व प्रवर्द्धन गर्ने सार्वजनिक प्रतिबद्धता व्यक्त गरे । उनीहरूको धारणा अनुसार, समुदायको प्रयास र दिगो अभ्यासले ओत संरक्षणमा महत्वपूर्ण भूमिका खेल्दछ ।

नेपाल सरकार र डब्लुडब्लुएफ नेपालबीचको समन्वयमा, बेलायत सरकारअन्तर्गतको डार्विन इनिसिएटिभको आर्थिक सहयोगमा सञ्चालित 'कर्णाली नदीमा ओत संरक्षणका लागि नदीमा आश्रित समुदायको जीविकोपार्जन तथा अभिभावकत्वको सशक्तीकरण' परियोजनाको माध्यमबाट कार्यक्रम सम्पन्न भएको हो ।

'हाम्रो प्रण, कर्णाली नदीको संरक्षण' भन्ने नारासहित सम्पन्न कार्यक्रममा राजापुर तथा गेरुवा गाउँपालिकाका जनप्रतिनिधि, सामुदायिक वनका प्रतिनिधि, निकुञ्ज, सुरक्षा निकाय, सञ्चारकर्मी तथा परियोजनाअन्तर्गत कर्णाली नदीको तल्लो तटीय क्षेत्रमा गठित विभिन्न समूहका प्रतिनिधिहरूको सहभागिता थियो ।

कार्यक्रमपूर्व सहभागीहरूले प्लेकार्ड र ब्यानरसहित नदी, ओत तथा तिनका सिकार स्रोतको संरक्षणसम्बन्धी विभिन्न नारा लगाउँदै र्‍याली समेत निकालेका थिए ।

र्‍याली अघि डब्लुडब्लुएफका प्रतिनिधि आशिष कपालीले ओत भनेको के हो, यसको पारिस्थितिकीय महत्व, वर्तमानमा विद्यमान खतरा र समुदायको संरक्षणमा भूमिका भन्ने विषयमा प्रकाश पारे ।

उक्त परियोजना सोनाहा विकास समाज, मुक्त कमैया महिला विकास मञ्च, डल्फिन संरक्षण केन्द्र तथा साना स्तनधारी संरक्षण तथा अनुसन्धान केन्द्रद्वारा बर्दिया र कैलालीका पाँच पालिकामा विगत दुई वर्षदेखि सञ्चालित छ ।

# सामाजिक संघसंस्था र नागरिक संगठनमैत्री कानुनका लागि साझा आधारपत्र सार्वजनिक

**काठमाडौं/मस-** 'नागरिक समाज तथा नागरिक समाज संस्थामैत्री नीति तथा कार्यान्वयनका लागि साझा आधारपत्र' सार्वजनिक भएको छ । गैरसरकारी संस्था महासंघ नेपालको संयोजनमा राजधानी काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमार्फत सो साझा आधारपत्र सार्वजनिक गरिएको हो ।

उक्त पत्रकार सम्मेलनमा ४० भन्दा बढी महासंघ, सञ्जाल तथा सामाजिक संघसंस्थाहरूको सहभागितामा तयार पारिएको साझा आधारपत्र प्रस्तुत गरिएको थियो । नागरिक समाजको भूमिका प्रभावकारी बनाउने, लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्न तथा सुशासन, जवाफदेहिता र पारदर्शिता सुदृढ गर्ने उद्देश्यले नागरिक समाज र संस्थामैत्री नीतिका लागि आवश्यक प्रावधानहरू उक्त आधारपत्रमार्फत सार्वजनिक गरिएको हो । कार्यक्रममा महासंघका अध्यक्ष अर्जुन कुमार भट्टराईले सम्बोधन गर्दै भने, 'संविधानले प्रत्याभूत गरेका नागरिक हक-अधिकार सुनिश्चित गर्न नियमन होइन, सहजता केन्द्रित नीति, कानुन



र संरचना निर्माण गर्नु आजको आवश्यकता हो। नागरिक समाज तथा संघसंस्थाहरूले लामो समयदेखि लोकतन्त्र, सामाजिक न्याय, मानव अधिकार र विकासको अभियानमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन्। आगामी दिनमा यो भूमिका अझ संस्थागत र प्रभावकारी बनाइनु जरुरी छ ।'

साझा आधारपत्रमा सामाजिक तथा नागरिक संघसंस्थासम्बन्धी ऐन गृह मन्त्रालय मातहत राख्नु उपयुक्त नहुने स्पष्ट गरिएको छ । संघ-संस्थाको दर्ता तथा नवीकरण प्रक्रिया सरल, पारदर्शी र एकीकृत हुनुपर्ने माग गरिएको छ । साथै, संघसंस्थाहरूको सहजीकरणका लागि प्रतिनिधिमूलक र स्वायत्त सामाजिक विकास बोर्ड गठन गर्नुपर्ने, गैरनाफामूलक संस्था भएका कारण उनीहरूले प्राप्त गर्ने अनुदान तथा स्व-आर्जनमा कर छुट दिनुपर्ने, र निजी क्षेत्रको सामाजिक उत्तरदायित्वअन्तर्गतका स्रोत पारदर्शी रूपमा लक्षित समुदायमा परिचालित गर्नुपर्ने मागहरू पनि समावेश छन् ।

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०२/१५**

डडेल्धुरा जिल्ला परशुराम नगरपालिका-५ परिगाउँस्थित ऐडीवान सा.व.उ.स. को वन क्षेत्रबाट उत्पादन भई घाटगद्दीमा राखिएको साल जातको १६३ गोलिया थान १०४३.७१ क्यूफिट, अस्ना ५१ गोलिया थान २७०.१४ क्यूफिट, जामुन १२ गोलिया थान ३४२.८३ क्यूफिट, कर्मा ७१ गोलिया थान ६६२.११ क्यूफिट, बोटधाइरो २६ गोलिया थान २०९.११ क्यूफिट, सिगाने ३ गोलिया थान १६.४२ क्यूफिट र खयर ७ गोलिया थान १०९.९५ क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२औं दिनमा दिउसो ठिक १२ बजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स को सूचना पार्टीमा टाँस गरिएको छ ।

## समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
Microfinance
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको)
**केन्द्रीय कार्यालयः** बनेपा-७, काभ्रेपलाञ्चोक, नेपाल, फोन नं.: ०११-५९७०००

**संस्थापक शेयर खरिद गर्न चाहनु हुने संस्थापक शेयरधनी महानुभावहरुलाई जरूरी सूचना**

**प्रथम पटक सूचना प्रकाशितः मिति २०८२/०२/१५ गते, बिहिवार**

यस कम्पनीको विद्यमान संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको १,००० कित्ता संस्थापक शेयरहरु बिक्री गर्ने इच्छा राखि निवेदन दिनु भएको र उक्त निवेदन नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम रित पुर्‍याई बिक्री गर्ने प्रक्रिया अघि बढाउने निर्णय भएकोले उक्त संस्थापक शेयर खरिद गरी लिन इच्छुक यस कम्पनीको विद्यमान संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनुपर्ने व्यवस्था बमोजिम संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि विद्यमान संस्थापक शेयरधनी महानुभावलाई कम्पनीको संस्थापक शेयर खरिद गरी लिन ईच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी कम्पनीको केन्द्रीय कार्यालय बनेपा-७, काभ्रेपलाञ्चोकमा आफुले खरिद गर्ने शेयर कित्ता तथा दरभाउ सहितको व्यहोरा खुलाई निवेदन दिनुहुन सूचित गरिन्छ । संस्थापक शेयर खरिद गरी लिने सम्बन्धमा तोकिएको उक्त म्याद भित्र विद्यमान संस्थापक शेयरधनी महानुभावहरुको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार अन्य व्यक्ति वा संस्थालाई बिक्री गर्ने सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाइने व्यहोरा समेत सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## विष्णु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सिमरा, सर्लाही
२०७३

**बोलपत्र स्वीकृत गर्ने बारेको आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०२/१५**

मिति २०८१/११/२८ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार इलेक्ट्रोनिक माध्यमबाट दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक तथा आर्थिक प्रस्तावको परीक्षणमा समेत सफल भएका तल उल्लेखित बोलपत्रदार्ताले पेश गरेको बोलपत्र न्युनत्तम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सवैलाई समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

| क्र. सं. | ठेक्का सूचना नं. | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबुल गरेको रकम (मु.अ.कर समेत) |
|---|---|---|---|---|
| १ | BRM/NCB/WORKS/1/2081-82 | Constructions of School Building (Janata Tej Narayan Dayawati Ma.Vi., Ma.Vi. Madhuwan,Pra. bi. pakadigoth and Pra. bi.Baraudhoran) | Munna Construction, Katahariya-04, Rautahat | रु. १०,८८,४९,३०२।५८ (दश करोड अठासी लाख उनन्पचास हजार तिन सय दुई रुपैयाँ अन्ठाउन्न पैसा) |
| २ | BRM/NCB/WORKS/2/2081-82 | Bridhashram Bhawan Nirman ko Apug thap bhawan tatha Compoundwall Nirman, Bishnu-6 | Earth Designers and Developers Pvt. Ltd., Hetauda-6, Makawanpur | रु. ६,३६,७८,७९१।०६ (छ करोड छत्तिस लाख अठहत्तर हजार सात सय एकानब्बे रुपैयाँ जिरो छ पैसा) |

**प्रमुख प्रशासकीय अधिकृत**

# 'मिस युनिभर्स नेपाल २०२५'को आवेदन खुला

**काठमाडौं/मस–** मिस युनिभर्स नेपाल २०२५ को लागि दर्ता औपचारिक रूपमा खुला गरिएको छ । ग्लोबल ग्ल्यामर भेन्चरको आयोजनामा बुधबार काठमाडौंस्थित हिल्टन होटलमा आयोजित विशेष कार्यक्रममा यो घोषणा गरिएको हो । यो वर्ष प्रतियोगिता आठ भागमा आधारित 'रियालिटी टिभी शो'को रूपमा प्रस्तुत गरिने जानकारी कार्यक्रममा गराइयो । यस माध्यमबाट दर्शकहरूले प्रतियोगीहरूको यात्रा, चुनौती र परिवर्तनलाई नजिकबाट अनुभव गर्न सक्ने आायोजकले जनाएको छ ।

कार्यक्रममा मिस युनिभर्स नेपालकी राष्ट्रिय निर्देशक संगीता पुरीले सम्पूर्ण ब्रह्माण्डमा नेपाली महिलाहरूको असीम क्षमता उजागर गर्ने प्लेटफर्म भएको बताइन् । प्रतियोगिताको समावेशी र लोकतान्त्रिक स्वरूपबारे जानकारी दिँदै उनले भनिन्, 'तपाईं जस्तो हुनुहुन्छ, त्यही नै तपाईंको सौन्दर्यता हो ।' उनले अगाडि थपिन्, 'हामी सबै पृष्ठभूमिका महिलाहरूलाई स्वागत गर्दछौं । यो मञ्च आत्मविश्वास देखाउने, अवसर समाउने र सम्पूर्ण ब्रह्माण्डमा नेपाली महिलाहरूको असीम क्षमता उजागर गर्ने प्लेटफर्म हो ।' दर्ता प्रक्रिया जेठ १५ देखि असार १५ सम्म खुला रहनेछ । इच्छुक सहभागीहरूले खल्ती एप, मिस युनिभर्स नेपालको वेबसाइट वा सोसल मिडिया प्लेटफर्म मार्फत दर्ता गर्न सक्नेछन् । सहभागी महिला कम्तीमा १८ वर्ष उमेर पुगेको र प्लस टु वा सो सरहको शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ ।

प्रतियोगिता समावेशी मूल्यमा आधारित रहेकाले उचाइ, तौल वा वैवाहिक स्थितिमा कुनै प्रतिबन्ध नराखिएको आयोजकले जानकारी दिएको छ । नेपाली नागरिकसँगै गैरआवासीय नेपाली महिलाहरूले पनि प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन् ।

कार्यक्रममा मिस युनिभर्स नेपाल २०२५ सम्पदा घिमिरे, अन्तर्राष्ट्रिय श्रम संगठन नेपालका देश निर्देशक नुमान ओजकान, मिस युनिभर्स राष्ट्रिय निर्देशक संगीता पुरी, कोरियोग्राफर दिक्पाल कार्की तथा मिस युनिर्भ नेपालकी अध्यक्ष साबी पुरीको विशेष उपस्थिति




रहेको थियो । प्रतियोगिताका टप प्रतिस्पर्धीहरूले साउन महिनामा २५ दिने इन्टेन्सिभ ट्रेनिङ प्राप्त गर्नेछन् भने भदौमा क्लोज क्याम्प सञ्चालन हुनेछ । ग्रान्ड फिनाले भदौमा महिनामा आयोजना गरिनेछ । मिस युनिभर्स नेपालले यस वर्ष समाजसेवा र सामाजिक कल्याणका क्षेत्रमा अन्तर्राष्ट्रिय श्रम संगठनसँग सहकार्य गर्ने घोषणा समेत गरेको छ

# 'द ब्ल्यू लाइट'मा अर्पण थापा

**काठमाडौं/मस–** केही दिनअघि थिम पोस्टर सार्वजनिक गर्दै निर्माण घोषणा गरिएको चलचित्र 'द ब्ल्यू लाइट'को प्रमुख भूमिकामा अर्पण थापा अनुबन्धित भएका छन् ।

'द ब्ल्यू लाइट'लाई बलिराम चौहानले निर्देशन गर्नेछन् । चौहान अहिलेको प्रतिक्षित चलचित्र 'बलिदान'को लेखक तथा मुख्य सहायक निर्देशक हुन् । चौहानको यो डेब्यु निर्देशन हो ।



साइकोलजिकल थ्रीलर जनरामा निर्माण हुन लागेको चलचित्रको शीर्षमध्येको एक भूमिकामा थापालाई मंगलवार औपचारिक रूपमा अनुबन्धित गरिएको निर्माण टिमले जनाएको छ । स्काइफल पिक्चर्सको प्रस्तुति रहने 'द ब्ल्यू लाइट'को को-प्रोडुसरको रुपमा रमन ग्रे रहनेछन् । जेठ २१ देखि छायांकन सुरु हुने 'द ब्ल्यू लाइट'लाई नरेन्द्र मैनालीले खिच्नेछन् ।

# सहकारी पीडितलाई देखाइयो 'महाभोज'

**काठमाडौं/मस–** सहकारी संस्थाको रकम अपचलन भएको विषयलाई लिएर तयार गरिएको चलचित्र 'महाभोज' सहकारी पीडितलाई देखाइएको छ । सो चलचित्रको निर्माण समूहद्वारा सुन्धारास्थित एक चलचित्र भवनमा आयोजित विशेष प्रदर्शनीपछि सहकारी पीडितहरूले कथामा आफैंलाई पाएको प्रतिक्रिया दिएका छन् । पहिलो रंगीन चलचित्र 'कुमारी'की अभिनेत्री चैत्यदेवी सिंहले चलचित्र हेरेपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै वास्तविकता हेरेझैं लागेको बताइन् । उनले भनिन्, 'चलचित्र हेरिरहदा वास्तविकता हेरेझैं लाग्यो । म आफैं पनि एक सहकारीबाट पीडित भएका कारण आवाज उठाउने, अनसन बस्ने गरेकी थिएँ । यो चलचित्रले हामीजस्ता पीडितको आवाजलाई उजागर गरेको आभाष भएको छ । मैले चलचित्र हेरिरहँदा देखाइएको पात्र र कथामा आफूलाई महसुस गरेँ ।' अभिनेत्री सिंहझैं अभिनेता तथा निर्देशक निश्चल बस्नेतले समसामयिक विषयलाई चलचित्रकै शैलीमा प्रस्तुत गरिएकाले दर्शकले 'महाभोज' हेर्दा मनोरञ्जन पनि पाउने बताए ।

'चलचित्रमा उठाइएको विषयवस्तुलाई न्यायपूर्ण तरिकाले प्रस्तुत गरिएको छ ।

## सर्टिफिकेट हराएको सूचना

काठमाडौंको चाबहिलबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा जाने क्रममा २०८२/२/१० गते मेरो निम्न व्यहोरा भएको त्रिभुवन विश्वविद्यालयबाट प्राप्त Bachelor Degree का माइग्रेसन सर्टिफिकेट, प्रोभिजनल सर्टिफिकेट र ट्रान्सक्रिप्ट सर्टिफिकेट हराएको हुँदा पाउनु हुने माहानुभावले निम्न सम्पर्क नम्बर वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**Name : Bishnu Sharma**
**Reg No. : 9-2-1034-25-2016**
**Campus Name: Purandhara Multiple Campus, Dang**
**Mobile: 9868353068**

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०२/१५ गते**

श्री देउराली सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको साल जातको गोलिया काठ ए ग्रेड ६ थान ६९.७ परिमाण, बी ग्रेड ८ थान ६८ परिमाण, सी ग्रेड ३३ थान ११७.७४ परिमाण, गरि जम्मा ४७ थान २५५/४४ परिमाण, साल जातको गोलिया काठ ए ग्रेड १४ थान २१३/१९ परिमाण, बी ग्रेड २० थान २०८/४८ परिमाण, सी ग्रेड ६३ थान ३४७/१२ परिमाण गरि जम्मा ९७ थान ७६८/७९ परिमाण, साल चिरान काठ ए ग्रेड २९ थान ३६/०१ गरि जम्मा २९ थान ३६/०१ परिमाण काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आहवान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री देउराली सामुदायिक वन उपभोक्ता समूह, चौ.न.०३, उदयपुर**

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०२/१५**

**श्री परिवन सामुदायिक वन उपभोक्ता समूह,** अमरगढी न.पा.-३, डडेल्धुराको वनबाट उत्पादन भई समूहको घाटगद्धीमा राखिएको लट नं. १ को सल्ला जातको ए ग्रेड गोलिया काठ ५९ थानको ९८५.३ क्यूफिट, बी ग्रेड ४८ थानको ५०६.९ क्यूफिट गरि जम्मा १०७ थानको १४९२.२ क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक सुचिकृत व्यवसाय, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सूचना यस श्री परिवन सामुदायिक वन उपभोक्ता समूहको कार्यालय सव-डिभिजन वन कार्यालय, अमरगढी न.पा.-३, डडेल्धुराको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री परिवन सामुदायिक वन उपभोक्ता समूह,**
**अमरगढी न.पा.-३, डडेल्धुरा**

## नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
## कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

**सूचना प्रकाशित मिति : २०८२/०२/१५**

यस कार्यालयमा मिति २०८१/०६/०८ मा दर्ता भएको **काठमाण्डौ वेस्ट गार्डेन क्याफे प्रा.लि. (प्रा.लि. नं. ३५२७२९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## मनास्लु इन्टरनेशनल सभिर्सेस प्रा.लि. को जरुरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Manaslu International Services Pvt. Ltd.** (श्रम इजाजत पत्र नं. १५१/०५६/०५७) को नाममा कुनै व्यक्तिले भिजिटिङ्ग कार्ड बनाई वैदेशिक रोजगारको नाममा राहदानी संकलन र विभिन्न व्यक्तिहरुबाट रकम संकलन गरेको भन्ने सुनिन आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । साथै यस प्रा.लि.को आधिकारिक व्यक्ति बाहेक अन्य कसैसँग पनि वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउन र गरेमा यस प्रा.लि. जिम्मेवार नहुने जानकारी गराउँदछौं । यस प्रा.लि.सँग सम्बन्धित आर्थिक कारोबार गर्दा यस प्रा.लि.को लेखा शाखाबाट मात्र गर्न अनुरोध गर्दछौं । अन्यथा गरे/गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**Manaslu International Services Pvt. Ltd.**
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com


## कुवेतमा Auto technicians को आवश्यकता !!

ZERO COST RECRUITMENT OPPORTUNITY FOR KUWAIT !!

शून्य लागत अन्तर्गत कुवेतमा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ।

रोजगारदाता कम्पनी :अदिल अल्गनिम अटोमोटिभ, कुवेत
Employer Company : ADEL ALGHANIM AUTOMOTIVE,KUWAIT

| पूर्व स्वीकृत मिति: Pre Approval Date: | २०८२/०२/१४ 2025/05/28 | चलानी नं.: Invoice No.: | ६०२३८६९९ 60238699 | एल टी नं.: L.T. No.: | ३२४७६९ 324769 |
|---|---|---|---|---|---|

| सि.नं S.N. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुबिध | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 100 | 0 | 100 | ४४,४२३ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Tea Boy, Office boy | 20 | 20 | 120 | ५३,३०७ | | | | | | | |
| 3 | Electrician | 20 | 0 | 175 | ७७,७४० | | | | | | | |
| 4 | Auto Technicians | 50 | 0 | 175 | ७७,७४० | | | | | | | |
| 5 | Service Technician | 50 | 0 | 150 | ६६,६३४ | | | | | | | |
| 6 | Car Wheel Alignment | 20 | 0 | 175 | ७७,७४० | | | | | | | |
| 7 | Cleaner General | 30 | 20 | 100 | ४४,४२३ | | | | | | | |

The final interview will be conducted in the office on 5 June, 2025.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २२ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता धमाधम जारी छ ।

नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कस्ले व्यहोर्ने Service Fee who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ :ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने । Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.
हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पूर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

**Vision & Value Overseas Pvt. Ltd.**
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 9863194834, 9863194832.
Email: apply@vnvnepal.com | Website: vnvnepal.com



## कुवेतमा रोजगार

कम्पनी: ETHEREAL BAUTY SALON FOR LADIES COMPANY W.L.L. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०८/०७ चलानी नं.:६०२१०३६३ LT. No.:295367 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Beauticians | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ६६,६३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hairdressers/Henna Artist/General Beautician | 0 | 3 | | 150 | ६६,६३४ | | | | | | | |
| 3. | Manicure/pedicure | 0 | 4 | | 150 | ६६,६३४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २२ गते (5 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**AARAV** Global Recruitment Pvt. Ltd.
श्रम इजाजत पत्र नं. १२२५/०७४/७५
एकटाटोल, सिनामंगल, काठमाडौं (Opposite Hyundai Service Center)
फोन: ०१-४५९२९०५, ०१-४५९२९०६, मो. ९८०२३२३१९५, ९८०२३२३१९६, ९८०२३२३१९७, ९८०२३२३१९८, ९८०२३२३१९९
Email: hiringagr@gmail.com, mail@aaravrecruitment.com, www.facebook.com/aaravglobal.recruitment



## Qatar मा रोजगार

Alfred Talke Logistic Services Qatar LLC पूर्व स्वीकृती मिति: २०८२/२/१४ चलानी नं.: ६०२३८६४३ LT No. 324738

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Driver Road Mechanism | 15 | 0 | काममा दक्ष | 1900 | ७१,०००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Human Resources Clerk | 0 | 2 | | 3000 | १,१२,०००।- | | | | | | | |
| ३. | Labour | 20 | 0 | | 1000 | ३७,३७०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८२ जेष्ठ २२ गते (5 June, 2025) यस प्रा. लि. कार्यालय बसुन्धारा काठमाडौंमा हुनेछ ।

**क्यापिटल इन्टरनेशनल म्यानपावर प्रा. लि.** श्रम इजाजत नं.: ५४३/०६१/०६२
बसुन्धारा-०९, काठमाडौं, फोन: ०१-४९५९७७२, ४९८४१९०, ४९८४१९१
देबी प्रसाद अधिकारी ९८५१०९९३००, Email: capital2004@yahoo.com "Real Happiness Lies in Making Other Happy"



## कुवेतमा रोजगार

कम्पनी: THE SQUARE RESTAURANT CO. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०२/१४ चलानी नं.: ६०२३८६५८ LT. No.: 324765

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Service Crew | 0 | 7 | स. काममा दक्ष | 132 | ५८,६३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २२ गते (5 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**SRK ओभरसिज नेपाल प्रा. लि.** साबिकको नाम (SRK नेपाल प्रा. लि) Govt. Lic. No. 1156/073/074
सामाखुसी चोक टोखा १०, ज्ञान संसार स्कूलको अगाडी, फोन: ०१४९६३४०३, ०१४९५७६८३, ९८०१८९४४३३, ९८१८६५८०९८



## बहराइनमा रोजगार

कम्पनी : MAYSHA MASSAGE AND SPA शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८२/०२/१३ चलानी नं.: ६०२३८६५२ LT. No.: 324639

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Masseur | 1 | 1 | स. काममा दक्ष | 150 | ५४,२०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २३ गते (6 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Miyon International Pvt. Ltd.**
श्रम इजाजत नं. १२६३/०७४/०७५
Sinamangal–9, Kathmandu, Nepal, Mobile: 9860718787
Tel: 4583178, Fax: 4593564, Email: miyon.international@gmail.com, Website: miyoninternational.com



## ओमनमा रोजगार

कम्पनी: AL IMTHIAZ AL DHAHABI TRADING शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८२/०२/१४ चलानी नं.: ६०२३८७०१ LT. No.:324743

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicurist | 0 | 1 | स. काममा दक्ष | 170 | ६०,१६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २२ गते (5 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**SKY OF THE WORLD MANPOWER PVT. LTD.** श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01-4591316, Mob.: 9860049528, 9860924657.
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com.np, Web.www.skymanpower.com



## कतारमा रोजगार

कम्पनी : AL HABARI ENGINEERING शहर : DOHA
पूर्व स्वीकृत मिति: २०८२/०२/१४ चलानी नं.: ६०२३८६८५ LT. No.:324750

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Vicale Driver | 1 | 0 | | 2300 | ८५९७४ | | | | | | | |
| 3. | Labour | 57 | 0 | | 1000 | ३७३८० | | | | | | | |
| 4. | Mason | 5 | 0 | | 1200 | ४४८५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २२ गते (5 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**स्काई-वे म्यानेजमेन्ट प्रा. लि.** श्रम इजाजत नं. ९००/०६७/०६८
गौशला, काठमाडौं, नेपाल, फोन: ४५६०१६०, ४५७१४७१
Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com



## UAE मा रोजगार

कम्पनी: FALCON PACK L.L.C. शहर:SHARJAH
पूर्व स्वीकृत मिति: २०८१/११/१९ चलानी नं.: ६०२३३९०४ LT. No.: 319660 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Male | 15 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Stevedore Worker | 23 | 0 | | 800 | २९,६७२ | | | | | | | |
| 3. | Machine Operators | 18 | 0 | | 1500 | ५५,६३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २२ गते (5 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**SHR** Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
**सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.** श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ४१११२६



## Absolutely Zero Cost Recruitment Opportunity In Jordan
## पूर्णतया शुन्य लागत अन्तर्गत जोर्डनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAS AL SAFI APPAREL LLC शहर: JORDAN
पूर्व स्वीकृत मिति:२०८१/०८/११ चलानी नं.: ६०२२८७११ LT. No.: 314358 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | JOD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 19 | 0 | स. काममा दक्ष | 220 | ४२,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | ३ वर्ष |

कम्पनी : GIA APPARELS INDUSTRY शहर: JORDAN,AQABA
पूर्व स्वीकृत मिति:२०८१/०४/०६ चलानी नं.: ६०२२२४५३ LT. No.: 307700 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | JOD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 0 | 43 | स. काममा दक्ष | 220 | ४२,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | ३ वर्ष |

नोट: तलब: JOD २२० (JOD १२५ नगद + JOD ९५ बस्तुगत पारिश्रमिक)

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २२ गते (5 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

**SCC Manpower Company Pvt. Ltd.** Govt. Lic. No. 487/061/062
GPO Box 8975 EPC 5219, Maharajgunj, Kapan Marg, Kathmandu
Phone: 01 4545048, 4545148, Fax: 01-4420002, E-mail: info@sccmanpower.com



## मलेसियामा रोजगार

कम्पनी : SAIFORCE SECURITY SERVICES SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०२/१४ चलानी नं.: ६०२३८६९६ LT. No.: 324714

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 30 | 0 | स. काममा दक्ष | 1700 | ५४,६३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २२ गते (5 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**बिनामाई इन्टरनेशनल प्रा. लि.** श्रम इजाजत पत्र नं. १४६/०५६/०५७
मिनभवन, काठमाडौं, फोन नं. ४१०७२००, ४१०७०७९



## मलेसियामा रोजगार

कम्पनी: SAIFORCE SECURITY SERVICES SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०२/१४ चलानी नं.: ६०२३८६४८ LT. No.: 324717

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 25 | 0 | स. काममा दक्ष | 1700 | ५४,६३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २२ गते (5 June 2025) मा हुनेछ ।

